साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४३ अंक ६ २०८१ भदौ ११ गते मंगलबार (Aug. 27, 2024) मूल्य रू. १०/-

## समस्या देशको, चर्चा आरजुको



नेपाल-भारतवीच खुला सिमानाका कारण समस्या अनेक छन् । खासगरी नेपाली भूमि अतिक्रमणको मुद्दा छ । कालापानी, लिपुलेक, लिम्पियाधुरा भारतले निलिसक्यो, यो अस्तित्वको प्रश्न हो । यसतिर परराष्ट्रमन्त्रीले कुरै उठाइनन् । उनलाई भारतले रेड कार्पेट बिछ्याएर स्वागत गरेको परराष्ट्रमात्र होइन, प्रधानमन्त्रीले भेटेको चर्को चर्चा गरेर व्यक्तिगत चमक, प्रभाव देखाउन मन्त्री आरजु राणा तल्लीन छिन् ।

१९५० को सन्धि के हुने ? इपीजी रिपोर्ट बुझेर कार्यान्वयन गर्ने कि नगर्ने ?, अतिक्रमित भूमि फिर्ता लिन छाडेर सीमा समस्या सुल्झेको पत्रमा हस्ताक्षर गर्ने ? सुपुर्दगी सन्धि भारतले चाहेजस्तै गर्ने हो त ? यो सरकार निर्माणको मुख्य नेतृत्व लिएकी मन्त्री आरजु राणाले भारतलाई के के दिएर आइन्, के के विषयमा सहमति गरेर आइन्, यो विषय स्पष्ट भइसकेको छैन । राष्ट्रलाई थाहा दिनुपर्छ कि पर्दैन ?

## मेयरको काम गर्ने : बालेन साह



मेयरले आफ्नो नगरमा के के गर्नुपर्छ ? मेयरको जिम्मेवारी के के हुन्, पद र जिम्मेवारीको पूर्ण पालना गर्न चट्टान भएर उभिएका कारण बालेन साह देश र विदेशमा सामे वाहवाही आर्जन गरिरहेका छन् । सबैले यसै गरे कसो होला ?

# अमेरिकामा ॐ शान्तिको नारा




७८ वर्षका डोनाल्ड ट्रम्प र ५९ वर्षकी कमला ह्यारिसवीच अमेरिकी राष्ट्रपतिको चुनावमा काँटोका टक्करजस्तै चुनाव हुनगइरहेको छ । रिपब्लिकन पार्टीले महाधिवेशन सम्पन्न गरिसकेको छ, ट्रम्पलाई उमेदवार छानेको छ । शिकागोमा डेमोक्याट पार्टीको महाधिवेशन भयो । महाधिवेशनमा मेरिल्याण्डस्थित शिवमन्दिरका पुजारी राकेश भट्टलाई निम्त्याइयो । भट्टले डेमोक्र्याट पार्टीको महाधिवेशन हलभित्र ॐ शान्तिको भजनमात्र घन्काएनन्, उनले अमेरिकी जनतालाई 'वसुधैव कुटुम्बकम' को अवधारणामा विश्वास गर्ने नेतालाई राष्ट्रपति छान्न आग्रह समेत गरे ।

दुबै नेतावीच कहिले कुन राज्यमा, कहिले कुन राज्यमा कहिले कमलाको, कहिले ट्रम्पको मतभार बढेको देखिन्छ । भनिन्छ, यसपल्टको चुनाव अमेरिकी इतिहासमै ऐतिहासिक हुनेछ । महिला राष्ट्रपति नपाएको अमेरिकाले यसपल्ट महिला राष्ट्रपति पाउने आँकलन भइरहेको छ भने परम्परागत भोटले ट्रम्प नै जित्ने पनि भनिदैछ ।

जो बाइडेन राष्ट्रपति छन् । उनी उमेदवार हुन चाहना राखिरहेका बेलामा पार्टीभित्रबाट आवाज आयो, अब उनले राष्ट्रपतिको दौडबाट पछि हट्नुपर्छ, अर्को सक्षम उमेदवारलाई मौका दिनुपर्छ । तबमात्र डेमोक्र्याट पार्टीको भविष्य सुरक्षित रहनसक्छ । पार्टीको यो सुझावलाई जो बाइडेनले स्वीकार गरे र फोन गरेर उपराष्ट्रपति कमला ह्यारिसलाई समर्थन गर्ने जनाउ दिए । त्यसपछि पार्टी महाधिवेशनले कमलालाई नै छान्यो र कमलाले आफ्नो उमेदवारी स्वीकार गरेकी हुन् ।




कमला ह्यारिसले मिनिसोटाका गभर्नर टिम वाल्जलाई उपराष्ट्रपति छानेकी छिन् । पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पले जेडी भान्सलाई उपराष्ट्रपतिको लागि चयन गरेका छन् । यी दुबै जोडीले आफूले कसरी चुनाव जित्ने भनेर रणनीति बनाइरहेका छन् ।

विश्वशक्ति अमेरिकाको यो चुनावमा रूस, चीनजस्ताको प्रभाव नै पर्नेनै छ, भारतका धेरै मतदाताको पनि प्रभाव देखिने छ । अमेरिका अन्यकारणले भन्दा पनि नीतिका कारणले चुनावको जितहार हुने मुलुक भएकाले भावी राष्ट्रपति को बन्ला भन्ने प्रश्नले विश्व उत्सुकता बढेको छ ।

## ऋण मिनाह गर्नेतिर चीन

चिनियाँ ऋणमा निर्माण भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल २ वर्षदेखि चल्न नसकेकाले नेपालले त्यो ऋणलाई अनुदानमा परिणत गरिदिन चीनलाई औपचारिक आग्रह गरेको छ । यसका साथै अर्थमन्त्री, चिनियाँ राजदूत र



परराष्ट्र सचिवकै उपस्थितिमा नेपाल भ्रमणमा आएको चिनियाँ सिडकाका उपाध्यक्ष र अर्थसचिवले सहमति गरेर काठमाडौं चक्रपथको दोस्रो चरण, हिन्ल्सा-सिमिकोट सडकको स्तरोन्नति, अरनिको राजमार्गको स्तरोन्नति (चौथो चरण) र मुस्ताङको कोरला नाकामा आइसिपी र आइसिडी निर्माण लगायतका योजनामा हस्ताक्षर गरेका छन् । पोखरा विमानस्थलको निर्माण र यी सबै परियोजनालाई चिनियाँ राजदूतका अनुसार बीआरआईका नयाँ परियोजना हुन् ।

बीआरआईप्रति नेपाली कांग्रेस सकारात्मक छ, एमालेले सहमति गरेको छ । तर बीआरआई अन्तर्गतका कुन कुन परियोजना हुन्, नेपाल स्पष्ट छैन । ऋण नलिने अनुदान सहयोग लिने विषय बहसमा छ । तथापि चीनले सीमाका १४ जिल्लामा १५ नाका खोलिसकेको छ । नेपाललाई पारवहन सुविधा दिएको छ ।

## उद्धारको मिसाल

आफ्ना नागरिक विश्वको जुनसुकै कुनामा संकटमा परून्, सरकार हर्कतमा आइहाल्छ, नागरिक बचाउन सहजकताको भूमिका निर्वाह गर्छ ।

तीर्थयात्रा गर्न आएको भारतीय बस



आँबु खैरेनीको ऐना पहरामा दुर्घटनाग्रस्त भयो । २७ जनाको मृत्यु भयो, २३ घाइते भए । यो खबर सुन्नासाथ भारत सरकार सकृय भयो, जवाज नै लिएर भारतीय मन्त्री उद्धारका लागि नेपाल आए । आफ्ना नागरिकका लागि गर्नुपर्ने राज्यको दायित्व निर्वाह गरेको देखियो ।

नेपालमा हरेक दिन दुर्घटना, ाबढी पहिरोमा मृत्युका घटना भइरहेका छन् । जनता मरे मरून् भनेर बेवास्ता गर्ने मन्त्री आफ्ना नागरिकको राहतमा आएका भारतीय मन्त्रीको पछि पछि दगुरेको दयालाग्दो दृश्य हेर्नुपरेको छ ।

## युद्धमा केयरगिभर

*इजरायल युद्धरत देश हो । प्यालेष्टाइन, गाजा, लेबनान्, इरान, सिरियामा खटिएका हजारौं शान्ति सैनिक जोखिममा छन् । त्यस्तो युद्धक्षेत्रमा केयरगिभरका नाममा हजारौंलाई इजरायल पठाउन हुन्छ भनेर कसले सुझाव दियो, यो कस्तो लोकतान्त्रिक सरकार हो, जसले नागरिकलाई युद्धको भट्टीमा झोक्न खोज्छ ? यो सरकारमा नागरिकप्रति जिम्मेवारीवोध नै छैन ।*

## बिपिन जोशीको अझै खोजी भएन

*३ सरकार, ३ परराष्ट्रमन्त्रीले आश्वासन दिए पनि सरकार युद्धग्रस्त क्षेत्रमा युवा निकासी गर्न तल्लीन छ । बेपत्ता पारिएका बिपिन जोशीलाई फिर्ता ल्याउन सरकार असफल भएको छ । वर्षदिनदेखि बिपिन जोशीका परिवार बिपिन कहिले आउला भनेर पर्खिरहेका छन् । ज्यानको बाजी थापेर युद्धग्रस्त क्षेत्रमा पुगेका युवाहरू ज्यान जोगाएर फर्कन पाए हुन्थ्यो भनिरहेका छन्, अन्य युवाहरू त्यही क्षेत्रमा गइरहेछन् । अन्य मुलुक इजरायलबाट नागरिक फर्काइरहेका छन्, नेपाल त्यही देशमा युवालाई पठाउन हतारिएको छ ।*




## एमसीसीका समर्थकले अमेरिकाको बिरोध



आश्चर्य लाग्छ, एमसीसीका समर्थकले अमेरिकाको बिरोध गर्दा । नेकपा माओवादी केन्द्रका महासचिव देव गुरूङले अमेरिकाको बिरोध गर्दै भनेका छन्- अमेरिकनहरू इजरायलजस्तै दक्षिण एसियामा क्रिश्चियन बनाएर, बढाएर सैन्य बेशक्याम्प बनाउन खोज्दैछन् । यति सुनेपछि प्रष्ट हुन्छ, नेकपा माओवादी इण्डो प्यासिफिक स्ट्राटेजी, एसपीपीमा सकारात्मक छ ।

एमसीसी पारित हुन्न भनेर माओवादी केन्द्रले ठूलै सडक बिद्रोह गरेको थियो, पछि माओवादी केन्द्रकै सहमतिमा एमसीसी पास भएर कार्यान्वयनमा गएको छ ।

## बंगलादेशको खतरा नेपालमा




बंगलादेश गम्भीर राजनीतिक संकटमा फसेको छ । असर सर्वत्र देखिन्छ ।

आरक्षणको सानो झिल्को दावानल बन्यो बंगलादेशमा । अफगानिस्तान, श्रीलंका, बंगलादेशपछि नेपालजस्ता साना मुलुकमा तरङ्ग उठेका छन् ।

१५ वर्षको शासनकालमा शेख हसिनाले काम गरेकी नै छन् । तर उनले जुन प्रकारको एकल निरंकूशता र निश्चित व्यक्तिको हातमा अर्थतन्त्र पुऱ्याउनलाई बढावा दिइन्, यसले उनको कद घटायो । यो भन्दा पनि उनको चीनतिरको ज्यादा लगावले पनि बंगलादेशलाई संकटमा पारेको हो ।

गत जनवरीमा शेख हसिनाको जबरजस्त चुनावी जित भएको थियो । चुनाव जितेरमात्र सत्ता सुरक्षित नहुने रहेछ । सेनाले साथ दिन्छ भन्ने विश्वासमा धक्का लागेपछि प्रधानमन्त्री शेख हसिना भारत भागेकी थिइन् । यतिबेला शेख हसिनाको पासपोर्टसमेत खारेज गरेकोले अब उनको पलायन झन संकटमा छ ।

बंगलादेशका निर्माण बंगबन्धु शेख मुजिवर रहमानका शालिकहरू ढालिए, युवाले चाहेको मोहम्मद युनिस प्रधानमन्त्री बने, तथापि बंगलादेशको स्थितिमा शान्ति आएको छैन । हसिनाका नेता कार्यकर्ता धेरै मारिए, धेरै भागे । अल्पसंख्यक हिन्दु मारिए, लुटिए, मन्दिर भत्काइए । आगजनी अझै भइरहेकै छन् ।

शेख हसिना र उनका छोराले बंगलादेशको घटना हुनुमा अमेरिका जिम्मेवार भनेर आरोप लगाएका छन् । अमेरिकाकै प्रभावका कारण मोदीले बहुमत पाएनन्, भारतका अनेक प्रान्तमा विद्रोह भइरहेको भनिन्छ । अब भारतले आइपिएसमा सहयोग नगरे बंगलादेशको असर भारतमा पर्नसक्ने देखिन्छ ।

२००६ मा नोबेल पुरस्कार विजेता मोहमद युनिस, दुई विद्यार्थी नेता, केही समाजसेवी तथा सामाजिक अभियन्ताहरूको सरकारले निर्वाचन गराएर प्रजातन्त्र पुर्नबहाली गराउने भनेका छन् । सक्लान् यिनले ?





संघीयताले गाउँघर खाली हुनथाले । गाउँलेहरू बसाइ सर्न थाले । कारण एउटै छ, युवाले रोजगारी पाएनन्, विदेशीन थाले, बुढाबुढी र केटाकेटी गाउँमा बस्न नसकेर सदरमुकामतिर सर्न थाले । राजधानसँग जोडिएको लोकमार्ग भएर नुवाकोट जाँदा यस्ता खाली घरहरू यत्रतत्र देखिन्छन् । बारी, कान्ला, खेतका फोगडाहरू सबै बाँझै छन् । जो साह्रै निम्न बर्गका छन्, तिनीहरू कतै कतै देखिन्छन् । भेटिन्छन् ।

वर्षको झण्डै ६ खर्ब खर्च हुने ७ प्रदेशहरूले गाउँलाई हराभरा, रोजगारीयुक्त बनाउन सकेनन् । प्रदेशको काम सरकार फेर्ने, मन्त्री बनाउने, भ्रष्टाचार गर्ने, त्यो पनि पार्टीका नेता तथा कार्यकर्ताले । बजेटको यतिसम्मको दुरूपयोगले संघीयता बदनाम छ, संघीयता अनुपयुक्त छ । ०७२ सालको संविधानअनुसार २ पल्ट आवधिक चुनाव भइसक्यो, संघीयताले के गऱ्यो, सकारात्मक परिणाम के हुन् भनेर एउटा पनि उदाहरण देखाउन सकिन्न । यस्तो संघीयतालाई महादेवले सतीदेवीको शव बोकेझैं कहिलेसम्म बोकिरहने हो ?

संसदमा बहस हुन्छ, समितिहरूको बैठक चल्छ । प्रदेश सरकार छ, कृयाशील छ भनिन्छ । बाढी पहिरोदेखि कुनै पनि बिपदमा जनताको साथमा सरकार देखिदैन । अलिकति साह्रो गाह्रो भयो कि सुरक्षा निकाय, सेना बोलायो खटायो । जनप्रतिनिधि जनताका साथमा कहिले पनि देखिदैनन् । जनताको दुःखसुख र रोजगारी, शिक्षा, स्वास्थ्य, पानीलगायतका विषयमा जनप्रतिनिधि देखिदैनन् भने अवस्था फेर्न नसकेको पद्धतिमै प्रश्न उठिसकेको छ । राजनीति भनेको गाँठो फुकाउने र सहजता सिर्जना गर्ने हो । कुनै परिवर्तन नै गर्न सक्दैनन् भने खुवाउनका लागिमात्र यो पद्धति बोकिरहने किन ?

## साक्षात देवी

**काठमाडौं जिल्लाको उत्तरी भेगमा पर्ने मणिचुड पर्वतको दुई पहराको विचमा देवी स्थापना गरी निर्माण गरिदिएको मन्दिर भगवान बुद्धको तपस्याबाट प्रसन्न भई प्रस्ट स्वरूपमा प्रकट भएकी पार्वती नै बज्रयोगिनी हुन भन्ने आख्यान पाइन्छ । यहाँ बौद्ध र हिन्दु परम्परानुसार देवीको पूजा गरिन्छ । उपत्यका र वरिपरि जिल्लाका भक्तजनले तान्त्रिक देवीको रूपमा बज्रयोगिनीको आराधना गर्छन् । मन्दिरमा बज्रयोगिनी, उग्रतारा, सिंहबाहिनीका मूर्तिहरू देख्न सकिन्छ ।**




## समयले एक्ल्याएका प्रचण्ड, एक्लो वीर



जनयुद्धकाल र त्यसपछिको १८ वर्ष अर्थात् २८ वर्ष जंगलदेखि विश्वसमाचारसम्म, चुनावदेखि संसदसम्म, सडकदेखि सरकारसम्म किङ्पिन बनेका प्रचण्ड आज एक्लो हुनपुगेका छन् । अस्तित्व बचाउने कसरी ? यक्षप्रश्नमा उभिन पुगेका छन् ।

समय कति बलवान रहेछ । सुध्रिने कि सक्किने ? यो समयको प्रश्न हो ।

प्रचण्ड डाइनामिक लिडर हुन् । प्रचण्डजस्ता नेता अरू छैनन् । तर प्रचण्डले आफ्ना परिवारवाद चलाएको आरोपमा नराम्ररी सडकम पछारिन पुगेका छन् । प्रचण्डले काठमाडौं र रौतहट दुबै क्षेत्रबाट चुनाव हारेका माधवकुमार नेपाललाई समेत प्रधानमन्त्री बनाइदिए । सर्वोच्च अदालतका प्रधानन्यायाधीश खिलराज रेग्मीलाई पनि प्रधानमन्त्री बनाइदिए । ओली, देउवा, डा.बाबुराम र आफू स्वयम् ३ पल्ट प्रधानमन्त्री बने । प्रचण्डले चाहेको भए सर्वहारावादबाट देशको कायापलट गर्न गराउन सक्थे । आफू र आफन्त, आफ्ना नेताको कायापलट भयो । जसको कारण आज अनेकन आरोप खपेर एक्लिन परेको छ । प्रचण्डले अब के गर्लान् ?




# पुष्पकमलको नियति, जहाँ छोयो, त्यहीं बिबाद

*१८ बर्षपछि संक्रमणकालीन न्याय सम्बन्धी विधेयक समेत नेकां र एमालेको सरकारले संसदका दुबै सदनबाट पारित गराएको छ । त्यसलाई विदेशीले स्वागत गरेका छन् भने स्वदेशीले बिरोध गरेका छन् । राष्ट्रपतिले प्रमाणिकरण गरेपछि कानुन बन्नेछ । बेपत्ता तथा मेलमिलाप आयोगमा परेका ६४ हजार उजुरीमा पीडितलाई न्याय र पीडकलाई सजाय वा पीडकको स्वीकृतिमा माफी दिने कार्य सुरू हुनेछ । पीडकमाथि के कस्तो दण्ड तोकियो अथवा के कति छुट दिइयो, यसको अभिलेख पीडकको परिचयपत्रमा लेखिनुपर्छ भन्ने पीडितको माग के होला ? संक्रमणकालिन न्याय पीडकमैत्री होला त ?*



**डा. केशव देवकोटा**

राजनीति बिचारका आधारमा चल्छ । बिचार बिग्रेपछि ब्यवहार बिग्रन्छ र ब्यवहार बिग्रिएपछि सामाजिक प्रतिष्ठामा आँच आउँछ । नेपालको राष्ट्रिय राजनीतिमा हाल माओवादी केन्द्रका अध्यक्ष रहनु भएका पुष्पकमल दाहालको हकमा त्यस्तै देखिएको छ । रोचक कुरा के छभने उहाँले ०३८ देखि ०६३ सालसम्म भूमिगत रहँदा कल्याण, विश्वास, स्टालिन, निर्माण र प्रचण्ड लगायतका नामहरू फेर्नुभएको थियो । अन्तमा प्रचण्ड नामलाई स्थायित्व दिनु भयोभने उहाँले आफू नमरेसम्म नेपालमा उथलपुथल गरिरहने रणनीति पनि तयगर्नुभएको छ । सो रणनीति पूरागर्नका लागि अवसरवादलाई कार्यनीतिकारूपमा अगाडि सार्नुभएको छ । ०२८ सालमा नेकपाको पुष्पलाल समूहबाट पार्टी सदस्यता लिएर राजनीतिक जीवनमा प्रबेश गर्नुभएका दाहालले ०३१ सालमा रामबहादुर थापा, मित्रमणि दवाडी, खेम भण्डारी र पुष्प भुर्तेलहरूसँग मिलेर चितवनमा मार्क्सवादी अध्ययन समूह गठन गर्नँभएको पाइन्छ । त्यहींहीबाट उहाँ ०३४ सालमा त्यतिबेलाको सबैभन्दा ठूलो र शक्तिशाली नेकपा (चौथो महाधिवेशन) मा प्रवेश गरी ०३५ सालमा पूर्णकालीन कार्यकर्ता, ०३६ सालमा चितवन जिल्ला समिति सदस्य, ०३८ सालमा क्षेत्रीय ब्युरो सदस्य एवं अखिल नेपाल युवक संघको केन्द्रीय समितिको महासचिवहुँदै ०४० सालमा सोही संघको केन्द्रीय अध्यक्षमा निर्वाचित हुनुभएको थियो । त्यही बीचमा नेपाली कांग्रेसबाट डा. बाबुराम भट्टराई पनि नेकपा (चौम) मा प्रबेश गर्नुभएको थियो । त्यसपछि ०३९/०४० मै नेकपा(चौम)मा बिवाद सिर्जना भएर बिभाजन भएको थियो । जसमा त्यतिबेला छबिलाल दाहालका नामले चर्चित हालका पुष्पकमल दाहाल र डा. भट्टराईको प्रमुख भूमिका देखिएको थियो । त्यसपछि नेकपा (मशाल) बिभाजन गरेर मोटो र पातलो बनाउँदा पनि उहाँहरूकै भूमिका देखिएको थियो । ०४१ सालमा नेकपा (मसाल) को पाँचौं महाधिवेशनबाट केन्द्रीय सदस्यमा निर्वाचित हुनुभएका दाहाल ०४२ सालमा पोलिटब्युरो सदस्य, ०४६ सालमा महामन्त्री र ०४८ सालमा नेकपा (एकता केन्द्र)को महामन्त्री बन्नुभएको थियो । ०५१ सालमा तत्कालीन नेकपा-एकता केन्द्रको प्रथम राष्ट्रिय सम्मेलनपछि बसेको तेश्रो विस्तारित बैठकबाट पार्टीको नाम फेरेर नेकपा (माओवादी) राखेपछि महामन्त्री हुनुभएको थियो । ०५२ सालदेखि शुरूभएको माओवादी जनयुद्धको नेतृत्व गर्नँभएको थियो । सोहीक्रममा उहाँ ०५७ सालमा भएको दोश्रो राष्ट्रिय सम्मेलनबाट नेकपा (माओवादी) को अध्यक्ष हुनुभएको थियो । त्यसपछि ०५८ सालमा जनमुक्ति सेना नेपालको सर्वोच्च कमान्डर घोषित हुनुभयो । ०६२ मंसिर सातगते भारतको नयाँ दिल्लीमा नेपालका नेकां र एमालेसहितका सात संसदवादी दलहरूसँग १२ बुँदे सहमति गरेर संसदीय राजनीतिमा प्रबेशगर्ने नाममा उहाँले १० बर्ष चलेको माओवादी जनयुद्धनै बिसर्जन गरिदिनु भएको थियो । त्यससँगै उहाँको संलग्नता नेपालमा खेलिरहेको इन्डो पश्चिमा शक्तिसँग प्रत्यक्ष जोडिन पुगेको थियो । ०६३ साल असार दुई गते प्रधानमन्त्रि निवास बालुवाटारमा पत्रकार सम्मेलनगरी नेकांका सभापति गिरिजाप्रसाद कोइरालासँग हात मिलाएर भूमिगत जीवनबाट सार्वजनिक हुनुभएका दाहाल अन्तराष्ट्रियरूपमा भारत, अमेरिका र युरोपीयन यूनियन र स्वदेशमा नेकां र एमालेसँग खेल्दै हालसम्म आइपुग्नु भएको छ । छिमेकी चीनलाई एक्ल्याउनेमा पनि उहाँको प्रमुख भूमिका रहेको मानिन्छ । उहाँ ०६५ साल साउनमा गणतन्त्र नेपालको प्रथम प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको थियो । उहाँ २०७३ साल साउन १९ गते व्यवस्थापिका-संसदमा ३६३ सदस्यको बहुमत प्राप्तगरी दोश्रो पटक प्रधानमन्त्रीमा निर्वाचित हुनुभएको थियो । त्यसपछि उहाँ ०७९ पुस १० गते तेश्रो पटक प्रधानमन्त्रि भएर हाल प्रमुख प्रतिपक्षी दलको नेता हुनुभएको छ । तर उहाँले तत्कालीन माओवादीका ४० सूत्रीय माग पूरा गर्न/गराउन प्रयाससमेत पनि गर्नु भएन । हाल उक्त मागको नामै लिन छाड्नु भएको छ । उहाँका कुनैबेला नेपाली क्रान्तिका समस्या (भाग १, २ र ३), सांस्कृतिक, कला र सौन्दर्य चिन्तन, प्रचण्डका छानिएका रचना (खण्ड १ र २) तथा प्रचण्डका छानिएका सैन्य रचनालगायतका पुस्तक प्रकाशित भएका थिए । जुन हाल सन्दर्भहीन भैसकेका छन् । उहाँ ०६४ सालमा सम्पन्न संविधान सभा निर्वाचनमा काठमाडौं क्षेत्र नं. १० र रोल्पा क्षेत्रनं. दुईबाट निर्वाचित हुनुभएको थियो । संविधान सभाको दोश्रो निर्वाचन-०७० मा सिरहा क्षेत्र नं. पाँचबाट निर्वाचित हुनुभएको थियो । उहाँ ०७४ मंसिर २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्य निर्वाचनमा चितवन क्षेत्र नं. तीन तथा ०७९ मंसिर चारको प्रतिनिधि सभा सदस्य निर्वाचनमा गोरखा क्षेत्र नं. दुईबाट निर्वाचित हुनुभएको थियो । ०६३ पछि उहाँका दुईवटा चाहना प्रकटरूपमा बाहिर आएका थिए । पहिलो नेपालको अशली मालिक भारतभन्ने र दोश्रो नेकपा कुनैपनि बेला बिघटन हुनसक्छभन्ने रहेका थिए । उहाँ आफू प्रधानमन्त्रिहुँदा जहिले पनि भारत पहिलोभन्ने नीति लिँदै आउनु भएको देखिन्थ्यो । त्यसैगरी ०७५ जेठ तीनगते उहाँले एमालेसँग पार्टी एकतागरी नेपाल कम्युनिष्ट पार्टी (नेकपा) गठन गरेर त्यसलाई ०७७ फागुन २३ गते बिघटन भएको घोषणा गर्नुभएको थियो । उहाँकै चाहनाअनुसार पूर्ब माओवादी नेता नेत्रबिक्रम चन्द नेतृत्वको नेकपामाथि प्रतिबन्ध लगाइएको थियोभने माओवादी केन्द्र सरकारबाट हटेपछि तत्कालीन एमालेको सरकारले नेकपामाथि लागेको प्रतिबन्ध हटाएको थियो । नेकपाको सरकार रहेकै अवस्थामा नेकपामाथि प्रतिबन्ध लागेको सो पहिलो घटना थियो । पुष्पकमल दाहालले जहाँ छोयो त्यही बिवाद हुनेगरेको छ । उहाँले जनयुद्ध सञ्चालन गर्नुभयो, त्यो पनि बीचैमा असफल भयो । ०६२ मंसिर सातगते उहाँले गर्नुभएको १२ बुँदे सहमति पनि सफल भएन । सो सहमतिमा उल्लेख भएका कुनैपनि बुँदाहरूको कार्यान्वयन भएन । त्यतिबेला सहमतिगर्ने सात संसदवादी दल छिन्नभिन्न भएर हाल नेकां र एमालेमात्र बाँकी रहेका छन्भने जनयुद्धकालीन माओवादी पनि छिन्नभिन्न भएर झण्डै आधा दर्जन समूहहरू बनेका छन् । ०६३ मंसिर पाँचगते गरेको शान्ति संझौता पनि असफल भएको छ । १८ बर्षपछि संक्रमणकालीन न्याय सम्बन्धी विधेयक समेत नेकां र एमालेको सरकारले संसदका दुबै सदनबाट पारित गराएको छ । त्यसलाई पनि विदेशीले स्वागत गरेका छन् भने स्वदेशीले बिरोध गरेका छन् । ०७५ सालमा एमालेसँग पार्टी एकता गर्दा माओवाद भन्ने सिद्धान्त औपचारिकरूपमै परित्याग गरिएको थियो । एमालेसँग पार्टी एकता गर्दा सो पार्टीनै बिभाजित भयो । नेपाली कांग्रेससँग गठबन्धन गरेर उहाँले जनयुद्धकालीन आधार इलाका भनिएका क्षेत्रमा गएर नेकां र माओवादी केन्द्र भनेका उस्तै पार्टी हुन्भन्दै नेपाली कांग्रेसको रूख चिन्हमा मत माग्नुभएको थियो । चारतारे झण्डा र बिपी, गणेशमान र कृष्णप्रसाद भट्टराईको तस्वीर मुनी बसेर नेकांको पक्षमा पुष्पकमलले गरेको प्रशंसा बिभिन्न सञ्चार माध्यमहरूले तस्वीर र भिडियो खिचेर राखेका छन् । आखिर नेकांलेनै एमालेसँग मिलेर दाहाललाई सत्ताच्युतगर्दै बर्तमान सरकार गठन गऱ्यो । हाल उहाँको संलग्नता माधव नेपाल नेतृत्वको एकीकृत समाजवादी, नेत्रबिक्रम चन्द नेतृत्वको नेकपा र डा. बाबुराम भट्टराई नेतृत्वको नेसपाबाट बिभाजन भएको महिन्द्र राय यादव समूहसँग रहेको छ । माओवादी केन्द्रकासाथै उक्त तीनवटै समूहमा आन्तरिक बिवाद बढेर गएको छ । त्यसअघि उपेन्द्र यादव नेतृत्वको जसपालाई पनि दाहालले समाजवादी मोर्चामार्फत गोलबन्द गर्नुभएको थियो । सो मोर्चाबाट जसपा दाहाललाई नै आरोपितगर्दै अलग भैसकेको छ । हाल दाहाललाई आफ्नै पार्टी माओवादी केन्द्रको अध्यक्षबाट हटाउन जोरजुलुम भैरहेको छ । त्यसबाट जोगिन उहाँले एकातिर सडकदेखि सदनसम्म आन्दोलनगर्ने नारा दिनुभएको छभने अर्कातिर नेपाली कांग्रेसको नेतृत्वमा सरकार बनाएर त्यसैमा भएपनि आफ्नो पार्टीलाई सहभागी गराउने प्रयासगर्दै आउनु भएको छ । आफ्नो पार्टीलाई बिधि र पद्धतिअनुसार चल्न नदिने तर अरूका पार्टीमा खेल्दै हिड्ने उहाँको बानीलेगर्दा माओवादी केन्द्रका कतिपय नेता तथा कार्यकर्ता समेत हैरान भएका छन् । जनयुद्धको नेतृत्वकर्तामध्ये डा. भट्टराईले कम्युनिष्ट राजनीति र पार्टी दुबै छाड्नुकासाथै गत बर्षनै आगामी १५ बर्षमा नेपालमा कुनैपनि कम्युनिष्ट पार्टी नरहने घोषणा गर्नुभएको थियो । दाहाललेभने कम्युनिष्ट राजनीतिलाई बिथोलेर त्यसैका लागि वातावरण बनाउँदै गरेको देखिएको छ । यो नेपाल र नेपालीका लागि ठूलो बिडम्बनाको बिषय हो ।



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# सुसेली साहित्य र मुक्तक लेख्ने प्रयासहरू



१) हेर्नुस् मात्र त
सधैंभरि देशमा
गाईजात्रा छ ।
२) सुसेली; देऊ आकार
यो देशको सपना
बनोस् साकार ।

**- दुर्गा अधिकारी भमरकोटे**



१) लेखौं बेस्सरी
गाईजात्रा देशमा
हेरौं कसरी ?
२) दैलो घुरूक्कै
सुसेलीको धुनले
उठें जुरूक्कै ।

**- रामप्रसाद अधिकारी**



१) डाँडा पाखामा
प्रकृतिका सुन्दर
झल्के आँखामा ।
२) खुशी उमङ्ग
चाड पर्वको बेला
मनै फुरूङ्ग ।

**- सुचिता काफ्ले**



१) हाम्रो भविष्य
स्वच्छ वातावरण
राम्रो भविष्य ।
२) कानमा तेल
नहाल् न सरकार !
नगर न झेल ।

**- चन्द्रा न्यौपाने**



राई माइला ले गाउँ छाड्यो गाडीले लग्यो
आफ्नै देशमा बस्ने सपना खाडीले लग्यो
खै बेथा कस्ले बुझ्छ र यहाँ सुनाउनु पनि
फर्किनै नपाई सारा परिवार बाढीले लग्यो ।

**- अर्जुन अधिकारी**



१) मायाको डोरी
धेरै स्वाङ नपार
जम्लानि छोडि ।
२) शिव आरति
साँडेमाथि चडेर
भए सारथि ।

**- शालिकराम दाहाल**



१) घोच्छ बेसरी
विरहको गीत यो
लेखूँ कसरी ?
२) छायाँ पारेर
माया भयो फरार
गोरू नारेर ।

**- रामशरण न्यौपाने**



१) हो नि हुन त,
झर्दैन है आँशु त,
रून्छु रून त ।
२) रूनु नपरोस्
बढ्यो भाउ सुनको
नुन नबढोस् ।

**- मोहन भुजेल**



१) पर्दो रहेछ
समयले अनेक
गर्दो रहेछ ।
२) रहनु नै छ
जीवनमा परेको
सहनु नै छ ।

**- सुशीला ढकाल अधिकारी**



हेर्दै छु म मुलुकको चालू चाला माला
देखिँदै छन् संकटका मुस्ला काला काला
लेखे भने कराए नि सुन्ने को पो छ र ?
चिन्ता बढ्छ प्रश्न गर्छु देश कता जाला ?

**- मुक्तिनाथ शर्मा**

# हिम आइमाईहरू



**अरूणबहादुर खत्री-**


कवि विवेक दुलाल क्षेत्रीको हिम आइमाईहरू नामक कवितासङ्ग्रह हालै प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र उनले लेखेका जिन्दगी, बर्थ डे केक, सुन्दरताको खोजी, फूल, समुन्द्र र म, उत्साह लगायत विभिन्न शीर्षकका ६२ वटा कविताहरू समावेश गरिएका छन् । विवेक दुलाल क्षेत्रीले साहित्यका विविध विधामा कलम चलाइरहेका छन् । लघुकथा, कविता, मुक्तक, हाइकु, लेख जस्ता क्षेत्रमा उनको कलम चलेको देखिन्छ । यस सङ्ग्रहभित्रको जिन्दगी शीर्षकको पहिलो कवितामा उसले धेरै पापड बेल्यो विषम परिस्थितिमा आफूलाई हिँडाउन भनिएको छ । दुई महिलाहरू शीर्षकको कविताभित्र बिडम्बना पहिलेकीमा आधुनिकताको नाममा नग्नता सवार छ अर्की चाहि बिचरी गरिबीले गर्दा आफ्नो शरीर ढाक्न नि असमर्थ देखिन्छिन् भनिएको छ ।

अब ऊ सित नगरेको काम केही छैन
अब उसले नसुनेको नामहरू कुनै छैन
जहाँ ठोक्किनु र भोग्नु परोस् अझै सास्ती

सुन्दरताको खोजी शीर्षकको कवितामा तिम्रो प्रश्न लाटाले झैं किन हेरीरहेको मलाई तिमीलाई कसरी बुझाउँ यो कुरा तिमीभित्र मैले त मनको सुन्दरता खोज्दै थिए भनिएको छ । समुन्द्र र म शीर्षकको कवितामा म समुद्र अघि छु समुन्द्रलाई थाहा छैन उसको आयतन मलाई मात्र थाहा छ उसको गहिराई र साँझ बिहानको रझान भनिएको छ । सङ्ग्रहभित्र भएका कुनै कविताले पाँच सात लाइनमा नै पूर्णता पाएका छन् भने कुनै कविता दुई पेजसम्मका पनि छन् । आफैंमा सगरमाथा अग्लिएर शीर्षकको कविताभित्र अब देशभित्र र देशबाहिर बदभद्र दुख्दा असहिष्णु बनेर आत्तिनु हुन्न जही रहे पनि नेपाली मन हो साटिनु हुन्न भनिएको छ । शासकहरू र जनताबीचको असमानताको खाडलको चित्रण कवितामा दुलालले सुन्दर ढङ्गले गरेका छन् ।

फराकिलो बाटो भएर
छातीमा अरूका कुण्ठित गोडाहरू
हिँडाएर
म युगीन स्वतन्त्रताको
यो धरती भरी दु:ख र सुखको गीत
घन्काउँछु ।

कवितालेखन सर्वोच्च तहको सिर्जनकला हो । स्थापित भइसकेपछि त्यो स्थापित हुने रहेछ नबदलिने । एउटा निश्चित ढाँचा शैली र फर्म्याटको पुनरावृत्ति मात्र पनि हुँदै जाने रहेछ त्यो व्यक्ति बिम्ब हो । उनका कवितामा विद्रोह चेतना पनि भेटिन्छ । कतिपय कविता माया र प्रेम प्रसङ्ग वरिपरि घुमेका छन् । समकालीन विसङ्गतिमाथिको प्रहारलाई काव्यिक रूप र रङ दिएर आफूले अनुभूत गरेका यथार्थलाई तर्कशक्तिले कवितामा प्रष्ट्याउने इमानदार प्रयास गरेकाले कतिपय पाठकले कवि दुलालका कविता आफ्नै भोगाइमा बोलेका अनुभव गर्नेछन् । मानव चेतना, विद्रोह, समसामयिकता दुलालका कवितामा पाइने विशेष गुण हुन् । पेचिला काव्यात्मक बिम्बमा नूतन प्रस्तावनाका लागि पृथक बिचार व्यक्त गर्न कवि दुलाल सदा क्रियाशील देखिन्छन् । कविता फुर्न, उम्रन, हुर्कन, ढकमक्क हुन, समय, परिवेश र विचारको मलजल गरेर अनेक जोहो गरिनुपर्छ । शब्द चयन, भाव गाम्भीर्यता र लय सबैको संयोजनमा मात्र सम्भव हुन्छ । पहाडसित कुनै प्रकारको कल्पना हुँदैन हिमालले केही नि चाहना बोक्दैन उत्साह शीर्षकको कवितामा कविले लेखेका छन् ।




कवि दुलालका कवितामा प्रशस्त समय चेत छ । समसामयिक ज्ञानको प्रचुरता छ । उनी जे देख्छन् त्यही कविता बनाएर लेख्छन् । कुनै घटना घट्नु पूर्व अथवा पश्च समयबीचको भ्याकुम अर्थात् रिक्तता हो । धेरै कविता दुरत्वले जन्माएका छन् । पृथकता र भिन्नता अनि स्वजनसितको मिलन व्याकुलताले जन्माएका छन् । सबै सबै श्रम डायास्पोराका कमीका भावना यसरी नै उम्लेका हुन्छन् । भावना हुनेको मात्र कला हुनेले मात्र ती मनलाई कलामा लैजान्छ । आजका अधिकांशहरू देश छोडेर माटाको पर्खाल भत्काएर अरू थोकै हुन खोज्दैछन् । अन्यत्रको झैं बनेर बग्दैछन् । तर दुलाल देशभन्दा टाढा छैनन् अझ गाउँमा बारीका पाटामा खेतका गरामा रतुवा भालुखुडी मात्र सम्झेर बाँचेका देखिन्छन् । उनको मन यही वरिपरि नाँचिरहन्छ ।

हामी सबै बिर्सन मात्र जान्ने मानिसहरू
हामी त खाली सुविधाको पछि लाग्नेहरू
अनी यो देशको निदाएको कुम्भकर्ण
सरकार र मिडीयाले
यस्तो कुरा खै कहिले पो सुन्ला र ?

कवि दुलालका कवितामा हार्दिक सौन्दर्यको जेजति सघनता छ बौद्धिक सौन्दर्यको सघनताका दृष्टिले पनि ती त्यत्तिकै सबल छन् । मस्तिष्कले पढिने त्यस्ता कवितामा प्राय: दर्शन र बिचारका विविध सन्दर्भहरू प्रयोग भएका छन् । बैदिक तथा पौराणिक मिथक, ऐतिहासिक मिथक र कतिपय नवनिर्मित बिम्बहरूको समेत प्रयोग भएका कविताहरूमा बौद्धिक पठनियता बढी पाइनछ । त्यस्ता कविताले स्व, अस्तित्व, जीवन, जगत, स्वतन्त्रता, इतिहासको पुनर्व्याख्या र विश्वबोधी चेतनालाई अभिव्यञ्जित गरेका छन् । यस्ता कवितामा बौद्धिक पक्ष सबल भए पनि तिनमा हार्दिक संवेदनाहरूकको समेत अन्तर्घुलनको सौन्दर्यमा अभिबृद्धि भएको छ । नेपाली साहित्यमा यो कवितासङ्ग्रहले आफ्नै प्रकारको विशिष्ट योगदान पुऱ्याएको विश्वास गर्न सकिन्छ ।

प्रकाशक: शुभेच्छा दुलाल ।

# बागमतीमा जलयात्रा, काव्य उत्सव

-जयराम बिडारी

बागमती रिभर फेस्टिभल महा जलयात्रा अभियान अन्तर्गत बागमती विशेष काव्य उत्सव सम्पन्न गरिएको छ । फ्रेन्ड्स क्लब कुपन्डोल र अनेसास नेपाल च्याप्टरको आयोजनामा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व उपकुलपति डा. विष्णुविभु घिमिरे रहनु भएको थियो । कार्यक्रममा विशेष अतिथि बागमती रिभर फेस्टिभलका संयोजक राजिव पौडेल, बागमती अभियन्ता मेघ आले, फ्रेन्ड्स क्लबका योगेन्द्र



जंग बस्नेत रहनु भएको थियो । कार्यक्रममा बागमती विषयक कविता मात्र वाचन गरिएको थियो । भाव केशर बराल, माधव विडारी, रमेश दाहाल, डिल्ली रमण सुबेदी, पौडेल बिमुंस, बिक्रम भक्त जोशी, रन्जना निरौला, शशी पण्डित, निर्मल रमण पराजुली, मंजिला अनिल, कमला रिसाल, शान्ति रिसाल, रत्न घिमिरे, समिना खनाल पृथा, दुर्गा ढकाल, प्रकाशमणि शर्मा, इन्दिरा ढकाल, शान्ता बस्नेत, सबिता श्रेष्ठ बेहोसी, राज रजक, राजेश ढकाल, मधु पाठक लगायतका कविहरूले बागमतीका विषयमा कविता वाचन गरेका थिए ।

अनेसास नेपाल च्याप्टरका अध्यक्ष राजेन्द्र केसीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा राजिवराज पौडेल, मेघ बहादुर आलेम, योगेन्द्र जुङ्ग बस्नेतले पुरानो बागमती र अहिलेको बागमतीको तुलना गर्दै बागमतीलगायत नदीहरूको संरक्षण गर्नु पर्ने कुरामा जोड दिनुभएको थियो । प्रमुख अतिथि घिमिरेले गोपाल बंशीदेखिको इतिहास रहेको काठमाडौमा मान्छे कसरी पस्यो र दुषित गर्यो ? यो त देवताहरू बस्ने ठाउ हो भन्दै बागमतीको सभ्यतालाई जोगाउन आवश्यक रहेको कुरामा जोड दिनु भएको थियो । कार्यक्रम सञ्चालन कवि ऋषभ देव घिमिरेले गर्नु भएको थियो । *(यद्यपि नदी सभ्यतामा विषद विश्लेषण भने हुनसकेन ।)*

# भीमफेदीयाको गीत मनको मझेरी



'भीमफेदीया'को गीत 'मनको मझेरी'को लोकार्पण गरिएको छ । साहित्यिक पत्रकार सङ्घले गीतकार सुभाषचन्द्र पौडेल 'भीमफदीया'को गीत 'मनको मझेरी'को लोकार्पण हेम सरिता पाठक फाउन्डेसनको सभाकक्ष, अनामनगर, काठमाडौंमा सम्पन्न भएको हो । यो गीतमा गायक नरहरि प्रेमीको स्वर रहेको छ भने संगीत पनि प्रेमीले नै गर्नु भएको छ ।

प्रमुख अतिथि वरिष्ठ कलाकार मदनदास श्रेष्ठले उक्त गीतको मोबाइलमा थिचेर लोकार्पण गर्नु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि वरिष्ठ कलाकार मदन दास श्रेष्ठ, शब्दपथका प्रधान सम्पादक आख्यानकार किशोर पहाडी, समालोचक युवराज मैनाली, कवि प्रतीक घिमिरे र कवि सानुराजा श्रेष्ठ अन्जानले आआफ्नो मन्तव्य राख्नु भएको थियो ।

# ललितकला सम्वाद कार्यक्रम



भदौ ७ गते नरेन्द्रबहादुर श्रेष्ठसित 'ललितकला सम्वाद' कार्यक्रम सम्पन्न भएको छ । साहित्यिक पत्रकार संघका पूर्व अध्यक्ष वरिष्ठ कवि एवं कलाकार नरेन्द्रबहादुर श्रेष्ठसित नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानले ***ललितकला सम्वाद*** कार्यक्रमको गरेको हो ।

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नक्सालको सभाकक्षमा आयोजना गरिएको सो कार्यक्रमको उद्घाटन प्रतिष्ठानका माननीय कुलपति कलाकार नारदमणि हार्तम्छालीले पानसमा दीप प्रज्वलन गरेर आरम्भ गर्नु भएको थियो । सो कार्यक्रमको सभापतित्व नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका मूर्तिकला विभाग प्रमुख दिनेश्वर महतोले गर्नुभएको थियो ।

कार्यक्रममा कवि एवं कलाकार नरेन्द्रबहादुर श्रेष्ठको व्यक्तित्व र कृतित्वउपर साहित्यिक पत्रकार संघका अध्यक्ष कवि राधेश्याम लेकालीले गर्नु भएको थियो । लेकालीले कलाकार श्रेष्ठको विविध पक्षमाथि प्रकाश पार्नु भएको थियो । कार्यक्रममा गोपाल चित्रकार, रमेश खनाल, अशेष मल्ल, राजेन्द्र शलभ, सावित्री मल्ल, निरू श्रेष्ठ मंचको अग्र भागमा रहेका थिए भने राउन्ड टेबलमा देशका ख्यातिप्राप्त लेखक र संचार कर्मीहरूको उपस्थिति थियो ।

कार्यक्रममा जरामा अर्थ खोज्ने कविले सिर्जना गरेको कला कृतिको वृत्तचित्र प्रदर्शन गरिएको थियो । उक्त वृत्त चित्र जीवनाथ धमलाले निर्माण र उद्घोष गरेका थिए । राष्ट्रकवि माधव घिमिरे, शताब्दीपुरूष सत्यमोहन जोशी लगायतको विश्लेषण उक्त वृत्तचित्रमा रहेको थियो । स्रष्टा कवि, कलाकार नरेन्द्रबहादुर श्रेष्ठले आफ्नो कला यात्राबारे बोलेका थिए ।

कार्यक्रममा अशेष मल्ल, सावित्री मल्ल, राजेन्द्र शलभ, जीवनाथ धमला, रमेश खनालले श्रेष्ठसँग भएको भेट र कलाकृतिबारे प्रकाश पारेका थिए । दिलीप श्रेष्ठ, दिव्य गिरीले सोधेका प्रश्नका जवाफ कलाकार श्रेष्ठ र अशेष मल्लले दिएका थिए । कार्यक्रममा सदस्य सचिव देवेन्द्र थुम्केली, प्रा. डा. गोविन्दमान सिंह कार्की, किशोर पहाडी, शंकर भारती, श्रीबाबु कार्की, प्रधुम्न जोशी, मुरारी सिग्देल, डा. बुनु दाहाल, सिर्जना शर्मा, पवन आलोक, कृष्ण प्रसाईं, दिलीप श्रेष्ठ, श्रीबाबु कार्की, रूद्र अधिकारी लगायतको उपस्थिति रहेको थियो ।




सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np

## सम्पादकीय

# नसुधारिने भयो भड्किलो तीज

हरेक वर्षझैं तीज नजिकिएको छ। तीज नजिकिदै गर्दा झन झन भड्किन थालेका दृश्यहरू देखिएका छन्। तीज गीतमा समेत छाडापान आउन थालेको छ। संस्कृति र परम्पराको जगेर्ना होइन, बिनास हुँदैछ।

संस्कृतिको बचावट गर्न कुनै संस्था व्यक्ति अथवा सरकार समेत सकृय छैन। सबै छाडा गीत, भड्किलो तीजका लहरहरू हेरेर हाँस्छन्, हाँसेर संस्कृतिको नास हुँदै गएको छ। परम्परालाई कसरी बचाउने भन्नेतिर ध्यान नपुग्नु भनेको नेपालीपन, नेपाली विशेषता बिनष्ट हुँदै जानु हो।

हरेक वर्षझैं तीज भनेर सुन र फेसनमा भड्किएको छ सेक्सी, सेक्सी तीज। यसपाली भदौ २१ गत छ हरितालिका तीज। तीज नआउँदै बजार गुल्जार छ, नाचगाना, पार्टी, हुनेखाने महिलाहरूको चमकदमक महिनौंदेखि देखिन थालेको हो, अझै चर्को रूपमा प्रदर्शन भइरहेको छ। तीज आउनु २ महिना अघिदेखि दर खाने र नाचगान गर्ने रोग यसपाली महामारीकै रूपमा सल्किएको अनुभूति जो कसैले गर्न सक्छ। जति जति तीज नगिचिदै गएको छ, महिलाहरू भड्किएर र मात्तिएर छुनुकमुनुक गरेको देखिन्छ। कुलिन बर्गका र हुनेखानेहरू त 'तीज, दर संस्कृतिलाई सुन, आधुनिक फेसन, पश्चिमा छाडा संस्कृति' बनाउन थालेका छन्। प्रेम वासना, यौन उत्तेजना, फेसन र गहना प्रदर्शन गर्नैपर्छ भन्ने तरिकाले तीजका भिडियो एलबमहरू सार्वजनिक भइरहेका छन्। सबै परिवार एकै थलोमा बसेर हेर्न नसकिने, लज्जावोध हुने खालका प्रदर्शनले समाज बिथोलिन थालेको, संस्कृति मेटिन थालेको झल्का दिन्छ। कतिपयले दरलाई दारूपार्टीका रूपमा विकसित गरिरहेका छन्। तीज हुनेखानेका लागि सम्पत्ति र सुख प्रदर्शन गर्ने चाडका रूपमा विकसित भइसकेको छ। प्रश्न छ, के तीज भनेको सम्पत्ति प्रदर्शन गर्ने चाड हो त ?

कहाँबाट आउँछ पैसा ? कुन तरिकाले आर्जन गरेको पैसाले तीज भड्किलो बन्दै गएको हो ? संवैधानिक पदमा रहेका, सत्तासीन, कर्मचारी, राजनीतिकर्मी, व्यापारी, उद्यमीका पत्नी, परिवारजन तीजलाई भड्किलो बनाइरहेका छन्। के तिनको सग्लो र सफा आम्दानी यसरी समाजमा सुन, फेसन प्रदर्शन गर्न पुग्छ ? पुग्दैन भने तिनको आम्दानीको स्रोत खोज्नुपर्छ कि पर्दैन ? यथार्थमा जुनसुकै पदासीन व्यक्तिका परिवारजन महगो सुन, सारी, दारूपानीको प्रदर्शन गरेर तीजलाई सम्पत्ति देखाउने पर्व बनाइरहेका छन्। यही संस्कारले सुशासन हुन नसकेको हो। हरेक सरकारी निकायमा घूस चलेको हो। परिवारजनले पदासीन व्यक्तिलाई भ्रष्ट बनाइरहेका छन्। देशलाई भ्रष्टाचारी मुलुकको दर्जामा पुऱ्याएका छन्। भ्रष्टाचार बढेपछि अपराधिकरण हुन्छ, अपराधिकरणबाट जोगिन शासन व्यवस्थामा राजनीतिकरण गर्छन्। त्यही राजनीतिकरणको रोगले अड्डा अदालतमा व्यभिचार र अपारधिकरण फैलिएको हो। संसद र अदालतमा समेत आइएनजीओ छिर्नु, तिनको खानपान बन्दोबस्तमा लगानी हुनु भनेको कुशासनको चर्को र अपाच्य घटना हुन्। स्वयम् सांसदले सोधेको सुनियो- हामीले खाने खाजा कुन दूतावासको, आइएनजीओको हो ? अर्थात्, भ्रष्टाचार संसदमा छ, सरकारमा छ, राज्यका सबै निकायमा फैलिसकेको छ। भ्रष्टाचार फैलिदा विश्वले नेपाल दण्डहीन मुलुक भनेरसमेत चिनिसकेको छ। नेपालले आर्जन गरेको विश्वभाइचाराको, विश्वसनीयताको सम्पत्ति ह्रासोन्मुख छ। नेपालको व्यक्तित्व कमजोर बन्दै गएको छ। नेपालले गुहार लगाएका विषयमा समेत विश्वले ध्यान दिन छाडेको छ। यसकारण भड्किलो तीजलाई उदाहरणको रूपमा लिएर भ्रष्टाचारको मुहान थुनौं।

# इन्ड अफ दी हिस्ट्री एक दी लास्ट किङ




यो कथा होइन, नेपालको व्यथा हो। यो व्यथाले राष्ट्र नै सती जानुपर्ने हो कि भन्ने खतरा बढेर जाँदो छ।

कारण नेतृत्व असक्षम भयो।

असक्षम नेतृत्वले न राजनीति थाम्न सक्यो, न कूटनीति नै चलाउन सक्यो।

इतिहास शिक्षा पनि हो। हाम्रा नेतृत्वपंक्तिले इतिहासबाट शिक्षा लिएनन्, आफैलाई इतिहासको कलंक बनाए।

बुझेनन् यिनले, हिटलरभन्दा शक्तिशली को थियो ? तर समयक्रममा हिटलर पनि आत्महत्या गर्ने दिन आयो। अरूले मात्तिएर के अर्थ ?

हिटलरको कालखण्डभन्दा कम थिएन- २०५२ साल फागुन १ गतेदेखि २०६२ साल मंसिर ५ गतेसम्म चलेको जनयुद्धकालको समय।

भन्नलाई १७ हजार मारिए भनियो। राष्ट्रसंघले दर्ता गरेको १३२४६ र शान्ति मन्त्रालयले बटुलेको १७,८०० को हत्यासंख्यामध्ये माओवादी र प्रहरी बाहेकको संख्याका पीडितहरूको मर्म एउटै छ। संयुक्त राष्ट्रसंघ-मानवीय अपराध गर्नेहरूलाई दण्डित गर, अपराधीले दण्ड पाउनैपर्छ भनेर 'नेपालको द्वन्द्व प्रतिवेदन' छ। तर टीआरसी विधेयक पारित भएर राष्ट्रपति समक्ष प्रमाणिकरणका लागि पुगेको विधेयकप्रति मानवाधिकारवादी र पीडितले पीडकलाई उन्मुक्ति दिनेखालको भएको आरोप लगाएका छन्।

त्यो समयमा कति मारिए, कति बिधुवा भए, कति अपाङ्ग बने, कतिले सहारा गुमाए, कति बेसहारा भए, बितण्डताको बिनासलीला भनिसाध्ये छैन। यो घाउ लोकतन्त्रले झन कोतरेकाले निको नहुने घाउ हो।

प्रसङ् २०६२ साल वैशाख २५ गते सम्पन्न ७ दलको प्रतिवद्धता र २०६२ साल मंसिर ७ गते सात दल र माओवादीवीच दिल्लीले गराएको १२ बुँदे सम्झौता पत्रको हो। हुन त प्रश्न २०६३ साल वैशाख ११ गते राजा र राजनीतिक दलहरूबीचको सहमतिको पनि छ। सबै प्रश्नमा भारत र दलहरूको सहमति छ तर राजासँग गरेको सहमति दलहरू सम्झन चाहँदैनन्। यसकारण प्रश्न उठेको हो- राजनीतिमा धर्म हुन्छ कि हुन्न ? इमान चाहिन्छ कि चाहिन्न ? के राजनीतिक दलका नेताहरूले आफ्ना प्रतिवद्धताहरूमाथि आफैले केरमेट गर्न सुहाउँछ ? राजनीतिक दलका नेताहरू संवेदनहीन हुनसक्छन् ? घटनाक्रमले राजनीतिक नेताहरूलाई कुनियत भएको संवेदनाहीन प्रमाणित गरेको छ। बेइमानी ठहऱ्याएको छ।

माओवादीको १० वर्षे क्रान्ति भारतमा रोपियो, सिंहदरवारमा फुल्यो र सडकमा झऱ्यो। सत्य यही हो। समाज बदल्ने जनयुद्ध र जनआन्दोलन समयक्रमलेसत्ताको ब्रम्हनालमा लम्पसार परेको छ। सर्वहारावाद, समाजवाद, लोकवाद सबै सत्ताको गल्लीमा 'बरेलीकी बजारमे झुम्का गिरा रे' गीतमा झुमिरहेको देखिन्छ। जो आफै सत्ता, शक्ति र सम्पत्तिको नशामा बेहास छ, उसले समाज कसरी बदल्न सक्छ ?

यसकारण त नयाँ नेपाल नेताहरूको मुहारमा मात्र झुल्क्यो। गणतन्त्र नेपाली जनताका लागि एउटा कोतपर्वपछि जन्मिएको अर्को जंगबहादुरको राणाशाहीभन्दा भिन्न अर्थमा बुझ्न सकिन्न। जन-जनको प्रश्न छ- के यस्तै हुन्छ गणतन्त्र नेपाल ? यही हो नयाँ नेपाल ?

एक समय फ्रान्सबाट नेगेटिभ जोर्नल प्रकाशित हुन्थ्यो। त्यो जोर्नलमा कुनै पनि विषयमा नेगेटिभ विचारमात्र आउने गर्थ्यो। तर फ्रान्सका शासकहरूले त्यसलाई पोजटिभ अर्थात् सकारात्मक रूपमा अंगिकार गर्थे।

वर्तमान नेपालमा पार्टी परस्त पोजिटिभ जोर्नलमात्र प्रकाशित हुन्छ। राजनीति नेगेटिभमात्र हुने गरेको छ। दुर्भाग्य नेगेटिभ राजनीतिका पोजेटिभ प्रभावहरू शून्य छन्। नेगेटिभको जवाफ नेगेटिभ रूपमा नै दिने गरेपछि परिणाम पोजेटिभ हुने सवाल आएन। राजनीतिले व्यवस्थापन होइन, तिक्तपन बढाइरहेको छ। निर्णायक तत्वहरूले समस्याका जमरा आफ्नै छातीमा उमारिरहेका छन्। जुँगा मुसार्ने, बाहुला सुर्कने, तिघ्रा ठटाउने गरेपछि मल्लयुद्ध त हुन्छ-हुन्छ। अराजकता त फैलिन्छ फैलिन्छ। सुशासन त हुँदैन हुँदैन। अहंकारी मल्लयुद्ध राजनीतिको महारोग बन्नपुग्यो। पटक पटकको सहयात्रा छिन्नभिन्न हुनपग्यो। आजका दिनमा राजनीतिक दलहरूलाई कुन-कुन सम्झौता, प्रतिवद्धता र सहमतिमा सही गरें भन्नेसम्मको स्मरणशक्ति समेत छ जस्तो लाग्दैन।

हुनैपर्ने थियो, परम्परागत शक्तिसँग सहकार्य। जुन आजसम्म हुनेसकेन। कुनै पनि बाधा अड्काउ नहुँदासमेत राजनीतिक स्थिरता, शान्ति, समृद्धिको श्रीगणेश हुनेसकेन।

हरेक दलभित्र मंगलसेन बलशाली बन्दै गएको छ। सबै दलभित्र अन्धा दस्ता तैयार पारिएका छन्। जनताप्रति गरिएका वाचाहरू पूरा गर्नका लागि प्रतिस्पर्धा हुनुपर्नेमा दलगत स्वार्थको भूत जागेको अवस्था छ। एउटा दक्षिणपन्थी, अर्को उत्तरपन्थी, तेस्रो पश्चिमपन्थी र हरेक पन्थभित्र अतिवादपन्थी। यी अनेक पन्थीहरू स्वार्थका लागि जुनसुकै पन्थी बन्नसक्ने अवसरपन्थीका अनुयायी हुन्।

व्यक्ति स्वार्थको राजनीतिक व्यवसायका कारणले देश र जनताको हित स्वाहा भइरहेछ।

राजनीतिक दलपतिहरूमा बुद्धि बङ्गारो पलाउँदैन, पलाएन। हरेक नेपालीले परिवर्तनको अनुभूति गर्न पाउनुपर्छ भन्ने सोच व्यवसायी बनेका पार्टीहरूमा उम्रनै सकेन। यही निराशपनमा प्रश्न उठेको छ- लोकतन्त्रको आवरणमा विध्वम्स मच्चाउने आतङ्ककारीको मुटुभित्र मानवीय धड्कन हुन्छ कि हुन्न होला ? किनकि देशमा अपराध बढेको छ, पीडक छाडा साँढे बनेर डुक्रिरहेछ।

इतिहास साक्षी छ, डाँका ज्ञानी बनेको देखिएको छ तर भ्रष्टाचारी र नैतिकहीनहरूले दह्रो खुट्टा टेकेर राष्ट्रको ध्वजा उठाएको उदाहरण छैन।

नेपोलियन बोनापार्टको अध्याय अहंकारको युग बन्यो, जसको कारणले वाटर लूको युध्दमा पराजीत हुनुपऱ्यो। उनी वीर थिए। उनले वीरताको सम्मान त पाए तर उनी सेन्ट हेलेनाको टापुमा घुँडा टेक्नुपऱ्यो। सेन्ट हेलेनाको त्यो टापुमा बन्दी जीवन बिताउनु परेपछि उनले छोरालाई चिठी लेखे- छोरा, समयलाई चिनेर अघि बढ्नु। मेरा पालामा बन्दूकले सबैलाई बसमा राख्न सकिन्थ्यो। अब समय परिवर्तन भएको छ। तिमीले मानिसको मन, बिचार र भावनालाई बुझ्ने र आफ्नो अवधारणा बुझाउने प्रयत्न गर्नु। जनयुद्ध र जनआन्दोलनताका जनताले नेपोलियनजस्ता नेता ठानेकाहरूमा नयाँपन केही थिएन, देखिएन। लुटाहा थिए, लुटिरहेका छन्। राजनीतिक सेवामा लागेकाहरूका लागि नेपोलियनको त्यो चिठी शिक्षा थियो, लूट गर्न पल्केकाले शिक्षा लिन सकेनन्। राजनीतिलाई व्यापार बनाइदिए।

खुस्चेव अर्का उदाहरण हुन्। उनले जनताको भावनामाथि खेलबाड गर्दा नूनखानीमा लखेटिनु पऱ्यो। महासर्वसत्तावादी स्टालिन आफ्ना तीनजना अति विश्वासपात्रको हातबाट मारिनुपर्‍यो। जनादेशबाट उठेर पनि मानवताको इतिहासमा कलंकित व्यक्तित्व बनेका हिटलरले आत्महत्या गर्नुपऱ्यो। विरोधीको टाउको काटेर फुटबल खेल्ने र विरोधीको मुटु कलेजोको भुटुवा बनाएर जिब्रो फट्कारी-फट्कारी स्वादले खाने इदी अमीन जनताबाट डराएर बच्दै जंगलभित्र भाग्नुपऱ्यो। रोमनियाका शासक चाउचेस्कु जसको दरवारमा बाथरूमको कमोठसमेत सूनको थियो। त्यस्ता सौखिन, सामन्तलाई जनताले दरवारको बार्दलीबाट फ्याँकीदिए। चाउचेस्कुलाई जनताको भीडले कति टुक्रा पारे, गन्ति गर्न सकिएन। जनता आक्रोसित भएपछि आँखा देख्दैनन् भन्ने उदाहरण हुन् यी। यस्तै उदाहरण अफगानिस्तानमा देखियो, श्रीलंकापछि बंगलादेशमा देखियो। नेपालमा पनि जनआक्रोशको हावा चल्न थालिसकेको छ, आँधी बन्नसक्छ।

नेपाली नेताहरू चेतेको खोई ? हाम्रा शासक बनेका बर्ग जनयुद्ध र जनआन्दोलनको आगोबाट निस्केका हिरा थिए। यिनलाई किरा बन्न १८ वर्ष पनि लागेन। यी कोहिनुर हिरा थिए, लामकिरा बनेर देश र जनतालाई टल्काउनुको साटो डसिरहेका छन्। जनताका लागि आफूले पालेको कुकुरले आफैलाई टोक्छ भनेको यही हो। नेपाल र नेपालीका लागि हामी आवश्यक छौं भनेर कुनै नेताले प्रमाणित गर्न सकेनन्। हिरा मानिएकाहरू कति छिटै स्वार्थको थाङ्ना बनेर फोहरको किरा हुनपुगे।

नेपालको राजनीतिक वर्णपटमा सत्य सावित भयो महाभारत- आचरण नष्ट हुनु भनेको आफै नष्ट हुनु हो। राजनीतिक जीवनमा अपराध पस्यो भने उसको जीवन नष्ट समान हो। जो आफै नष्ट छ, उसले समाजलाई के दिन्छ ? हाम्रा नेताले केही दिन सकेनन्।

१९६० को दशकमा चीनमा चम्किएका कम्युनिष्ट नेता माओत्सेतुङगजस्ता महान नेताको एकतन्त्रबाद पनि अन्ततः जनताका सामु घुँडा टेकेर झुक्यो। बिसे नगर्चीसँग बुद्धि लिएर नेपाल एकीकरण गर्नेका सन्तान, बेला बेलामा जनताका सामु झुकेर उठेका हुन्। तर, २०६३ सालमा झुक्न नजान्दा वनवास जानुपऱ्यो। त्यसअघि प्रा. फुकुयामाको 'इन्ड अफ दी हिस्ट्र एण्ड दी लास्ट किङ' पढ्न सुझाव मैले नै दिएको हुँ। दरवार चलाउने दरवारियाहरूले भोगेटेको चस्मा लगाएपछि के लाग्छ ? परिणामतः राजतन्त्र हाऱ्यो। राजतन्त्र हारेर देशले जित्दा गौरव नै हुन्थ्यो, देशले पनि हारिरहेछ।

लेनिनले सोभियत रूसलाई २१ जातीय गणराज्यमा टुक्र्याए। नामिबियामा पनि १० वटा जातीय राज्यहरू घोषणा गरिएका थिए। दक्षिण अफ्रिकामा पनि १० वटा जातीय राज्यहरू थपिएका थिए। कतै जातीय राज्यका दुस्परिणाम भोग्नुपरेको देखिन्छ भने कतै विश्व मान्यता नै नपाई मरेको तथ्याङ्क छ। चीनले बगरे बाँडफाँडतन्त्रको गल्ती गरेन। नेपालमा ७ प्रदेश त बन्यो, जातीय गणराज्यको झगडा शान्त भएको छैन। ती प्रदेशदेखि केन्द्रसम्म सत्ताका लागि हरेक दलका नेताहरू लोकसिद्धान्तलाई नाङ्गेझार पारिरहेछन्, संविधान आफै लाजले भुतुक्कै भइरहेको देखिन्छ। नयाँ नेपाल बनाउन ल्याएको लोकतान्त्रिक पद्धतिको यो कस्तो कन्तबिजोग हो ?

तैपनि लोकतन्त्र चलाउनेहरूमा लज्जावोध देखिन्न। कठै नेतृत्व।



# १४२ वर्ष कोठामा थुनिएको चित्र



रमेश खनाल
कलाकार, कला समीक्षक

The Execution of Lady Jane Grey – 1833

Let This Worthy Lady Pass for a SaintM and Let all great LadiesWhich bear her room imitate her virtuese.

John FoxeŚs Words in the 1563. Book of Martyrs.


आखिर 'जेनी ग्रे' को गल्ती के थियो ? उनलाई मृत्यु दण्ड दिइयो ? उनले हेनरी सातौको अवेज्ञा गरेकी थिईन । हेनरी सातौले युवराजा इड्वार्ड छैठौको मृत्यु' पछि आफ्नो नातिनी सत्र वर्षीय किशोरी 'जेनी ग्रे' लाई वेलायतकी महारानी ह'नेछिन् भनि घोषणा गरेका थिए । महारानी भएर श्रीपेच लगाउने नौ दिन मात्र बाँकी हुँदा 'जेनी ग्रे' ले रानी हुन इन्कार गरेकी थिईन । उनको ठाँउमा म्यारी टुडोर रानी भएकी थिईन . उनीले नै 'जेनी ग्रे'लाई मृत्यु दण्ड दिने घोषणा गरेकी थिइन । 'जेनी ग्रे' किशोरीलाई लण्डनको टाउर हिल अगाडि चट्टै घाँटी काटिदिएको थियो । यँ; विषयलाई आधार बनाएर ब्रिटिस कलाकार पाउल डिलारोछे (Paul Delaroche) ले ९७-११७ को ठूलो यथार्थवादी चित्र बनाए . इ. १८३३ मा तेल रङ्ग बाट बनाइएको यो चित्रलाई तत्कालिन प्रशासकहरूले बाहिर ल्याउन नै चाहेनन् । काटिने किशोरी मानवतावादी थिईन । बिनाकारण १२ फेब्रुअरी १५५४४ मा मृत्युदण्ड पाएकी जेनी ग्रे को ब्यापक विरोध हुने अड्कल काटेर १९७५ सम्म त्यो चित्र लुकाएर राखियो । तर पाउलको उक्त उत्कृष्ट चित्रलाई इ १९७५ देखि नेशनल ग्यालरीमा प्रदर्शनीका लागि राखियो । लण्डनमा हामी (बुढाबुढी) ले पनि उक्त चित्र हेरेका थियौ । साच्चै नै कलाकार पाउलले एक, सजिव यथार्थवादी चित्र बनाएका छन् । काटिन नमानेकी जेनी ग्रे लाई दुबै हात समाएर कानमा केही भनेर मनाउदै गरेका पादरी र बञ्चरो बोकेर जेनीलाई चट्टै घाँटी छुट्टिने गरेर काट्न तयार भएको वलिष्ठ व्यक्ति, जेनीको पछाडि विलाप गर्दै गरेका उसकी आमा र अर्कि महिलाको कन्दन कहिले सुनेनन् । अध्याँरो र उज्यालोको तादाम्य मिलाउदै कलाकार पाउल एक उत्कृष्ट चित्र बनाए । जुन चित्र १४२ वर्षसम्म अध्याँरोमा रह्यो । आज लण्डन ग्यालरीमा प्रर्दशीत चित्रको प्रशंसा विश्वभरि भैरहेको छ ।



चित्रकलाको महत्व र ताकतको एउटा उदाहरण यो पनि हो । यस्ता अनेक घटनाहरू इतिहासमा खोतलिएलान् तर यो घटना सुन्दा र पढ्दा कलाकारिताको गहिराई मापन गर्नेले गर्न सक्छन् । कला के हो र भन्नेहरूका लागि यो एउटा गहन अध्ययनको विषय पनि हो । कलाले जीवनलाई यसरी पनि हेर्न सकिनेरहेछ । कला आखिरमा महान छ ।

# विश्वप्रख्यात कलाकाल फ्रान्च मार्क र उनको कलायात्रा






| | |
|---|---|
| Born | 8 February 1880<br>Munich, Bavaria, German Empire |
| Died | 4 March 1916 (aged<br>Braquis, France |
| Cause of death | Killed in action at the Battle of Verdun |
| Nationality | German |
| Education | Academy of Fine Arts Munich |
| Known for | Painting |
| Notable work | paintings: Fate of the Animals, The Tower o Horses, Yellow Cow, Horses, journal: Der Reiter |
| Movement | Expressionism |

**Franz Moritz Wilhelm Marc** (8 February 1880 – 4 March 1916)[1] was a German painter and printmaker, one of the key figures of German Expressionism. He was a founding member of *Der Blaue Reiter* (The Blue Rider), a journal whose name later became synonymous with the circle of artists collaborating in it.

**Franz Marc**

Franz Marc in 1910





फ्रान्जजस्ता विश्वविख्यात कलाकारबाट कला क्षेत्रमा लाग्ने सबैले सिक्न जरूरी छ । नेपालमा नयाँ नयाँ प्रतिभाहरू कला क्षेत्रमा लागेका छन् । यिनीहरूले त झन बढी सिक्न, जान्न जरूरी छ । रङ्को प्रयोग, कला र जीवनको महत्व, मानवीयतादेखि हरेक जीवतको प्रकृतिसम्मका कुराहरू उनको कलामा देखिने विशेषता हुन् । यी विशेषताका बारेमा जान्न सके कला क्षेत्रमा लागेका नयाँ प्रतिभाहरूको प्रतिभा प्रस्फुटन हुनसक्नेछ ।

र, कला क्षेत्रमा स्थापित हुन सहयोग पुग्नेछ । कलाको विकास देशको विकास, मानवीयता र सभ्यताको विकास पनि हो । नेपाल कला क्षेत्रमा बिस्तारै अघि बढ्दैछ । सरकारले महत्व दिन थालेको छ । कला पारखीहरू बढेका छन् । यो परिदृश्य कला क्षेत्रमा लागेका लागि हौसलापूर्ण छ ।

World famous artist Franz Marc and his journey of Art.

# विज्ञान कता ? वैज्ञानिक कता ?



सुरेशकुमार पाण्डे

आज दुनियाँले आकासमा डेरा लगाएको छ । आकासमा भएका दुर्लब चिजहरूको खोज गरिरहेका छन् । ठुला-ठुला एटम बम प्रमाणु बमहरू निर्माण गरेर आफुलाई शक्तिशाली बनाएकाछन् । टेक्नोलोजिमा एकले आर्कोलाई पच्छार्दै अगाडी बढेकाछन् । कयौँले रोबटको फौज बनाउउँदैछन् । आ-आफ्नो देशको विकासका लागि मरिहत्य गर्दैछन् । साँच्चैभन्दा कुनैपनि देशको सर्बाङ्या विकासका लागि वा त्यो देशको मुहार फेर्न विज्ञान तथा प्रविधिको विकासबाट मात्र सम्भव हुन्छ । विज्ञान तथा प्रविधिको विकास बिना देशको आर्थिक सम्बृद्धिको कल्पना गर्नु मुर्खता नै हो ।

प्रतिभा नभएको होइन बरू प्रतिभालाई खोजविन गर्ने क्षामता नभएको हो । प्रतिभाको जोगेर्ना गर्ने जस्ता कार्यहरू राज्यले गर्न नसकेको वा गर्नै नचाहेको भान हुन्छ । देशको विकासका लागि आमूल परिवर्तन भनेर हजारौँ युवाहरूको बली चढाइयो । उनिहरूलाई बन्दुक चलाउन र देशको संरचना भताभुङ्ग पार्न लगाइयो । एकजना युवालाई पनि विज्ञानिक बनाएर विश्वलाई देखाउन सकिएन ।

बुद्धिजिवीलाई बिभिन्न राजनीति दलहरूले झोले बनाइदिए । वैज्ञानिकहरू कसलाई भन्ने त्यो अहिले पनि टुङ्गो लाग्न सकेको छैन् । वैज्ञानिक भनेको आविस्कारक हुन् तर यहाँ आविस्कार भैसकेको चिजलाई निर्माण गर्यो, वैज्ञानिक सर्कटमा पढाइ गरेर डिग्रि प्राप्त गर्यो भने बनिबनाई बस्तुलाई तैयार पार्यो भने पनि वैज्ञानिक भएको दाबी गरिन्छ । कुनैवेला छाता थिएन हाम्रा किसानहरूले बर्षातबाट जोगिन सेउको आविस्कार गरे तर उनिहरू अनपढ थिए, कसले गरेको सेउको आविस्कार उसको नाम छैन् । जसले मानो पाथीको आविस्कार गरे उनि शाशक थिए उन्को नाम अहिले पनि जिवित छ । यसरी आबिस्कार गर्नेहरू उच्च पदमा भएकाको मात्र लेखो हुन्छ । कयौँले हला जुवा अनि फाला बनाए, सेलाएर गए ।

पहिले धनुबाण बनाए त्यो पनि आविस्कारक नै हो । कपडा सिलाउने, भाँडा बनाउनेहरू पनि त वैज्ञानिक हुन । हाम्रो देशमा पनि अब्बल दर्जाका वैज्ञानिक भेटिन्छन् । अरनिको ***बलबाहु*** सन् १२४५-१३०६ प्रसिद्ध प्यागोडा शैलीका कलाकार तथा नेपालका राष्ट्रिय बिभूति हुन् । पाटनमा जन्मेका यिनले राजा अभय मल्लको पालामा चीनमा पुगेर आफ्नो बस्तु कला देखाएका थिए ।

हाम्रो देशभित्र त्यसता तमाम प्रतिभाहरू थिए र छन् । जसले आफ्नो बाटो आफै बनाए । जिउँने कला आफै जन्माए । राज्यले यो देशभित्रको देश खोज्न नसकेको अबस्था छ । मानिस भित्रको वैज्ञानिक प्रतिभालाई खोज्ने, संम्भार्ने र सङ्कलन गरेर त्यो देशको विकासमा लगाउन नसकेको अबस्था छ ।

आखिर किन यस्तो हुँदै छ ? हाम्रो सोंच नै बुजुर्वा घेराबाट बाहिर आउँन सकिरहेको छैन । आज पनि हामि चमत्कारको कल्पना गरिरहेका छौँ । समाजले जुवाडे, जंड्या, झांक्री, बोक्सी र पोरोहित बनाउन नयाँ-नयाँ बाटो खनिरहन्छ । आफुले आफैलाई भगवान बनाएर ऐयासी गर्ने र आम सर्वसाधारणलाई शोशण गर्नेहरू प्रसस्तै भेटिन्छन् । तर एकजनालाई पनि देशको माटो र ढुङ्गा को निरक्षण गर्न सिकाउँदैन । जे आफुले सिक्यो त्यही सिकाउने हो भनेको उखानमा अब्बल छन् । मन्दिर बनाउन सिकाउँछन्, ध्वजा बान्न सिकाउँछन् तर ध्वजा किन बाँधियो यसबारे थोरै पनि बुझ्ने प्रयत्न गर्दैनन् । धर्म र जातको आधारमा राजनीति गर्छन् र निर्दोषको बली दिन्छन् । यस्तो बिचारले समुदायहरूबाट के उमिद गर्ने ?

साँच्चै भन्ने हो भने नेपालमा वैज्ञानिकहरू अन्य कयौँ देशमा भन्दा पनि पुरानो इतिहास भेटिन्छ । त्यसलाई विकाश गर्ने समरक्षण गर्ने बिषयमा राज्यले ध्यान नपुराएकोले उनिहरूको योगदान विश्वमा पुग्न सकिन । साथै देशभित्र जन्मिएका वैज्ञानिकहरूलाई प्रोत्साहान दिन सकिएन । अरनिको पनि एउटा उधारण हुन् । उनि गैलिलियो भन्दा पनि पुराना करिब सात सय वर्ष पहिल्यैका वैज्ञानिक थिए । गेहेन्द्र शमशेरले नेपाली मोडेलको बन्दुक बनाए, धान कुट्ने मिल, पानी तान्ने पम्प बनाए, नेपालमा सबैभन्दा पहिले पानीबाट विधुतको उत्पादन गराएका थिए । ओपचारिक रूपमा पहिलो पुस्ताका वैज्ञानिकहरूमा डा.शंकरप्रसाद प्रधान, डा.परासरनारायण सुवाल, डा.बलराम जोशी, डा.ध्रुबमानसिंह अमात्य, डा.दिव्यदेव भट्लाई मान्नसकिन्छ । तानसेनका करूवा, नेपाली थाङ्का, काठमाण्डौ, पाटन र भक्तपुरमा रहेका सुनका जलाप लगाउने प्रविधि, काष्ठ कला र मूर्तीकला वैज्ञानिक कार्य हो ।

तनहुँको हाल बन्दीपुरमा बस्ने बन्देकामीले तोप बनाएका थिए, तन्हूका राजा हरकुमार दत्त सैन राजाको पालामा उनलाई घर जग्गा बक्शिसमा दिएको थियो । यसरी नेपालमा पनि धेरै पुराना वैज्ञानिकहरू थिए । आजकल के छ ?

महाबिर पुनले किसानहरूको लागि कृषि औजारको कम्पनि खोल्न भन्दै आफ्नो जिवनी लेखेर आफै बेच्दै हिंडेकाछन् ।यस्तै सहासिला व्यक्तिहरू मैदानमा आउँने र सरकारले उनिहरूलाई प्रोत्साहन दिनेहो भने देशमा वैज्ञानिकहरूको कमि हुनेछैन् । नेपालीहरू निडर हुन्छन्, लडाकु हुन्छन्, पौरखी आफ्नो पसिनाले सिंचेर बञ्जर जमिनमा पनि अन्न फलाउँने हाम्रा होनहार युवाहरू आज आर्काको देशमा रगत पसिना बगाउँन बाध्य भएका छन् । राज्यले ध्यान पुर्‍याएको खोई ? ध्यान दिए नेपालमा अब्बल वैज्ञानिको खडेरी परेको छैन, ध्यान दिनु जरूरी छ ।

नेपालमा बनेका बस्तुहरू दुनियाँभरी पुग्ने थिए । देशभित्र कांचो पदार्थको कमि छैन । तर हाम्रा राजनीति क्षेत्रका नेताहरूको देशबिकास गर्ने नियत नै छैन् ।उनिहरूले त आलो पालो देशको दोहन गर्ने जनतालाई बलिका बोका बनाएर देशमा बलि चढाउने ।आफुले नसकेपछि रोजगारको नाममा विदेशमा पठाएर उतै मराइदिने ।यी अघोषित मानव तस्करहरू हुन् । यिनिहरूलाई नत देशको चिन्ता छ न नागरिकको सरोकार छ । हिंजोका दिनहरूमा राणाहरूले जहानिया निरङ्कूश तानाशाहि व्यबस्था लाधे ।उनिहरूलाई जनताले फाले तर जनताको हातमा सार्वभौमसत्ता आउँन सकिन र उनैका बन्धु भाईहरूले फेरी निरङ्कूश व्यवस्था लाधे । जनताले उनिहरूको व्यबस्था पनि ढाले र गणतन्त्र नामक यो बहुदलिय व्यबस्था ल्याए । जनताले सु:खको अनुभूति गर्न पाएनन् । बरू अहिले देशमा एउटा राजा होइन राणाकालिन व्यबस्थाका उनै भुरे टाकुरे, बाइसे चौबिसे राजहरू फर्किएको आभाश भएकोछ । आज जनताले नौव़टा संसद आठौटा सरकार र जम्बो मन्त्रीहरू पाल्नुपरेको छ । यीनै ऐजरू लागेर यो देशलाई चक्रक्कै सुकाउन थालेकाछन् ।

कसैले देशको हितका कुरा गर्छ भने त्यसलाई सङ्गा गरिन्छ र राजनीति कुचक्रमा पारेर उस्को नितिगत हत्या गरिन्छ । कसैले भ्रष्टाचारको बिरूद्धमा आवाज उठायो भने उसैलाई भ्रष्टाचारी साबित गर्न न्वारानसम्मको बल प्रयोग गरिन्छ । यहाँ वैज्ञानिक कसरी जोगिन्छन् ? काम गर्न र जिउँन समेत दिइदैन् ।

इतिहास हेरौं हाम्रो देशभित्र वैज्ञानिकहरूको कमी थिएन । उनिहरूलाई राज्यको सहयोग र समर्थन मिल्न सकेन त्यसैले गर्दा देश परनिर्भर छ । विदेशीहरूको मण्डि बनेको छ । बिडम्वना आज दुनियाँका वैज्ञानिकहरूले नयाँ-नयाँ खोज र आविस्कार गर्ने होड नै भएकोवेला हामीले देशभित्रका विज्ञानिकलाई लालटिन बालेर खोज्नुपर्ने भएकोछ । देशभित्र स्वतन्त्र बुद्धिजिवी र भौतिकवादीहरूलाई खोज्नु पर्ने भएको छ ।

## In the Context of the Importance of the Rationale of Preschool in Nepal Little Treasures and White Rose English School Sipaadol Bhaktapur

# My Memorable Academic Impressions and Remarks









### Prof. Dr. Uttam Karmacharya

1. Short Background

Very fortunately I got a call by Rtn. PP Raj Kumar Suwal regarding his visit with a team to Dr. Iwamura Memorial Hospital and College Office in the morning, I was very happy to welcome Special visit of PP RC Bhaktapur Rtn. Raj Kumar Suwal with his Anne and Inner Wheel President Ms. Ritu Suwal along with former Rotarian of 2009/10 Mr. Mohan Prasad Nyaichyai .

I am equally glad to know that the former Rtn. Janak Prasad Nyaichyai has been now running a special Little Treasures Montessori and White Rose English School in Bhaktapur He was with Rajkumar to meet me to hand over an invitation to visit his Montessori and school. I am very thankful to Mr. Rajkumar coordinating the meeting and Invitation .

I have already gone through all information of Little Treasures Info Bulletin July 2017 Issue- 1 and White Rose English School Programs conducted between 208/11/28 -,2079/05 /14 BS in Nepali and English language.I am very proud of Montessori and School brochure and documents . It was very informative and meaningful to me before my visit to the Montessori and school. Because to me Documents are very powerful. Going through the documents I was highly impressed with the specialties and outstanding exemplary services and educational efforts. They are : Preparing for life; Granny-care Vs Daycare; Are the uneducated people not knowledgeable/ knowledgeous æ; Principal's notes;Learning through Montessori activities; Tips of Giju Bhai in Nepali;What is Montessoriæ ;A brief introduction of Dr. Maria Montessoriæ; The principles of good parenting; Celebration of cultural and traditional events socio- cultural events; and Festive time celebrating in Montessori and school .

2. First Visit to the school and meeting with the Staff

I was so happy to visit the school and observe the total infrastructure of the Montessori building and school and introduced with Madam principal Sarala; teaching and admin staff led by Ms. Mira shrestha of the school having their faculty academic preparation and interaction with the parents the process of guidance and counseling of the parental interaction and progresses of the school activities. I was so privileged to take a round led by Mr.Janak Pd. Chayaichayi, the future infrastructure and preparation of the land plotting for the school for the days to come. I am very thankful to the school Van driver for picking and dropping me from my residence to and from the school and other sites.

3. Attending Annual Function of the school at Khwopa Banquet Kamal Binayak Bhaktapur

First of all, I wish to express my heartfelt congratulation or organizing convocation program for 33 UKG graduates amid 500 participation of parents and communities people of different walks including forty school staff members on 2080 BS

I was so happy to get the invitation of the school signed by the principal Sarala. While going through the invitation ,I remembered my participation as a parent in the Funfull Nursery School of Hong Kong aroud 20 years back in the convocation of my grandson Udit Pradhan. With this impression after coming back from Hong Kong we started primary school convocation event at Rising English School Bhaktapur first time in Bhaktapur. Then after, I came to know sporadic events in Kathmandu and other schools.

It was my first participation in this wonderful events with exemplary different around ten activities of the school keeping more than 500 partcipation live active for around 4 hours starting welcome speech by a group of students , key note speech by Rtn.Past President Rotarian l and representative of parents Raj Kumar Suwal and special graduation speech by the Principal and the chairperson with a fan fair medal distribution, fashion show and group photo session. It was really a very memorable annual function I attended as a chief gust. I am very thankful and obelized to the school managing committee for their kind invitation.

4. Second visit to the school with Respectable Senior Citizen of Washington Virginia USA

It was so nice to take my Senior Citizen Friend to our School Mr. Bharat Bhushan from Washington Virginia during his weekend visit to Nepal. He was so happy to visit the school and meet the staff led by the chairperson of the school Management Committee Chair Mr. Janak Nyaichaiya Sir . He was found very glad to visit the infrastructure and outstanding services of the school for the betterment of the school life of the school and children friendly atmosphere of the school. He was very delighted to get the memories of the school visit as a token of the school handed by Mr. Janak Nyaichaiya Sir, chairperson of the school . He was very happy to see the preschools education system of Nepal specifically run in Bhaktapur in the name of Little Treasures and White Rose English School Sipadol Bhaktapur in integration two faculties

In connection with the final Visiting schedule of Respectable Senior Citizen of Dulles South Senior Center ( DSSC) Virginia Mr. Bharat Bhushan, we are very thankful for your kind cooperation and ever ready help extended to us during our visit to your Little Treasures Montessori and White Rose English school . We highly appreciate your expertise and hospitality.

Mr. Bharat Bhusan was kind enough to write in his article Visit to Nepal entitled " EXCELLENT EXPERIENCES OF EXCELLENT NEPAL" He wrote as :I requested Professor Dr. Uttam to see the early education system too. We went to see Little Treasures Montessori Bhaktapur. We were honored by the management of the school. We discussed their teaching pattern, met staff members, and discussed their views. We found that it was a very well managed school with good facilities to teach kids. Overall it was good. He has also written as "Please convey our Hardic Namaskar and all the best regards to your Respectable Chairperson Mr. Janak Pd. Nyaichyai ;principal Madam Sarala and staff members with a heartfelt wishes of grand success in the days to come.

5. Special Remarks

With my aforesaid major and minor impressions and observation I have thought of suggesting my special remarks as follows:

1. Develop Parent Teacher Association (PTA) of the school
2. Quarterly meeting of PTA
3. Inter school visit of the Kathmandu Valley nearby districts
4. Invite nearby school teachers and head teachers for observation
5. Develop pilot project to establish sister school relationship with near by distrct (Kabhe Banepa), lalitpur and Dhulikhel
6. Develop pilot project to establish sister school relationship with foreign countries ( Fun full Primary school Hong Kong and Diraku Primary School (DKPS ) Japan Tokyo Kashai
7. Exchange of curriculum and textbooks of aforesaid educational institutions
8. Formation of small advisory board with school authorities and national educational expertise and conduct meeting twice a year

Wishing you all the best and grand success,

Uttam Karmcharya Bhaktapur
Kathmandu Valley Nepal

# Smash And Grab

*By Sunanda Datta Ray*

**CHAPTER 13 Death Warrant**

Gone was the reasonableness of Bajpai's letter after the abortive morning session only three days earlier. In four sharp paragraphs, the PO conveyed New Delhi's surprise, regret, and concern over developments for which the palace alone was held responsible. Warning that legislators would "assert their rights with the support of the public," he ominously added that there were "widespread demands for a demonstration" against the ruler; "either the Chogyal must give his assent or they must seek other peaceful means of ensuring that the people's aspirations are fulfilled."

This was a blunt enough threat of violence: India House would help Kazi's abortive "mass movement" to fructify. By peremptorily demanding ratification in India's name, the PO also abandoned the pretence that the bill was a Sikkimese matter: "We believe this framework is in the best interests of the Chogyal and all the people of Sikkim. The assembly has given its endorsement and it has now become urgently necessary for you to give your assent. The assembly members have requested that it be given within two days. We hope and trust that you will heed their urgings."

His ultimatum reached the palace at about half past three in the afternoon of 24 June. Earlier in the day the Chogyal had written to Das advising against another meeting of the assembly until the tension had eased a little, explainin that he had compiled notes on the bill's far-reaching implications and wished to discuss them with the Indian government. "You are aware that I am leaving for Delhi, and I hope the situation here will remain calm and peaceful so that our talks can be successfully concluded."

The journey had been planned for 26 June, but the Tsuk-la-khang. monks, without whose advice the Chogyal did not stir, decreed that he should start the journey before daybreak. So the royal motorcade left the palace shortly after midnight on 25 June, the Sikkim Congress promptly accusing the Chogyal of escaping under cover of darkness. No sooner had he gone than Kazi's men poured into Gangtok, suite; in it he again pleaded for a joint committee to examine a bill whose effect, he said, was "that Sikkim, its people and all official authorities from the Chogyal downwards are reduced to a status. even less than that enjoyed by the governors and states of the Indian. union."

It was never Mrs. Gandhi's style to face unpleasant truths or attempt an honest answer. The son of Khampa warlords was no match for her drawing-room duplicity. While she continued to be smoothly coaxing, and the Chogyal was driven near to hysterics by her composure, it was left to external affairs ministry officials to let newspapermen know that India could ratify the bill if the Chogyal would not.

Before leaving New Delhi, he sent her another anguished appeal begging for "a final and frank talk....without any reservation".
A time has now come to decide whether I really have any useful role to fulfill in the service of my people and also in the larger sphere of Indo-Sikkimese relations.

The more I think of the events in the last 14 months, it seems there is no role for upright, frank and honest dealings. The unscrupulous and treacherous seem to succeed in forcing forward the short-term gain in preference to the long-term principles and considerations.

I may sound bitter and depressed but I am still writing to you in all frankness as a friend and from one human being to another.

Again, the prime minister did no reply. Foreigners in New Delhi who saw the Chogyal at the end of his tether speculated that he might abdicate in favour of Tenzing who was still in England. But
Das knew better. "He's a born fighter, he'll never give up.

Nor was there much sign of yielding as he faced a battery of reporters at Dum Dum. That day's newspapers carried front-page- stories about the rebuff he had suffered and how high Kazi stood in New Delhi's favors. Most gloated on his discomfiture. But the Chogyal was still battling. "1 am prepared to talk to any person any time anywhere," he promised, when asked if negotiations with Kazi were on the cards. He gently rebuked journalists who tried to draw him into accusing Mrs. Gandhi of annexation by saying, "I have always been assured that the preservation of a separate identity for Sikkim is foremost in the mind of the government of India". To another mischievous question about appealing to word opinion,. the Chogyal retorted : "It is the Indian government that controls the external affairs of Sikkim". But he would not compromise on
constitutional issues. "The bill has first to go back to the assembly for final reading. I will give my comments on the bill only after it has been discussed clause by clause by the legislators."

It was a dismal home-coming made worse by nature's hazards. Because of bad weather, the Chogyal could not use the military helicopter waiting at Bagdogra. A landslide between Sevoke and Teesta had closed the road. The royal party had to take a circuitous route by way of Darjeeling and Jorethang; it was nearly midnight of 1 July when he reached the palace and sat down to a pile of reports on all that had happened in Gangtok during his infructuous odyssey to the court of Indira Gandhi.

Das had called the 28 June session ostensibly in deference to Kazi's demand, citing "the urgency of this problem in view of the critical situation prevailing in Sikkim". Two members, Kalzang Gyatso Bhutia and Tasa Tengay Lepcha, were missing when the house assembled, reports indicating that they were trying to mobilize villagers against the bill. The chief executive ran through the 20 June minutes, recapitulated the Chogyal's reservations, and asked for views. This was the prearranged cue. "This assembly and the entire people of Sikkim are shocked at the tactics adopted by the Chogyal and his ill-advised advisers to delay the adoption of this bill," rumbled Kazi from a long, belligerently argued text. "Now that the Chogyal has run to Delhi and has had yet more talks with the government of India, we would have liked, as we have already appealed, that the government of India should exercise its responsibility under the 8 May agreement and tell the Chogyal that this bill must become law forthwith." contd..

# राजीव र सोनिया गान्धीका कुरा




राजीव गान्धीकी श्रीमती सोनियाँ गान्धीलाई अधिकांश उच्चपदस्थ नेताले प्रमं पदकालागि पत्याएनन्। उनको इण्डियामाथि प्रेम र राष्ट्रियता हुन्छ भन्ने कुराप्रति आश्वस्त भएनन्। जन्मेको माटोको मोह कति गहिरो हुन्छ भन्ने कुरा अमेरिकी मनोवैज्ञानिकहरूले विश्लेषण गरेर 'राष्ट्रपति' हुन अमेरिकी भूमिमा जन्मेकै हुनुपर्ने गरी संविधान निर्माण गरे। प्रेम भन्ने कुरा नाताले मात्र हुँदैन; उसको सामाजीकरण संग जोडिएको हुन्छ। सामाजीकरणले माटोसंग गाँसिएको प्रेमबाट उसको राष्ट्रियता बनेको हुन्छ। आजीवन बिदेशमा बसेको नेपाली नेपालमा जन्मेको कारणले नै नेपाललाई माया गरेको हुन्छ। नेपालका नदीमा हाडखोर बिसाउन भएपनि ऊ स्वदेश फर्किन्छ। त्यस्तै भारतमा जन्मेका र त्यहीँ हुर्केका कारण नेपाली नेताले त्यहाँको बोली, भाषा, रहनसहन, उपमा उपदेश चाहिं बाँचेसम्म फलाक्न बिर्सदैन। त्यहाँ खाएको पानको स्वादसम्म पनि बिर्सदैन। यही नै सामाजीकरणको रूप हो। नेपालको दुर्भाग्य के हो भने नेपालका प्रधानमन्त्रीहरू न नेपालमा जन्मे न नेपालमा सामाजीकरण भए।

सिक्किमी स्टेट काँग्रेसका नेता काजी लेण्डूप दोर्जी जसले ३२ वटा संसदका सिट मध्ये ३१ वटा सिट जितेका थिए, मे महिना १९७३ मा सिक्किमलाई इण्डियामा बिसर्जन गराइदिए। त्यसै गरेर यी नेपाली नेताले पनि भारत निर्भर हुने बनाइ दिए। काजी लेण्डूपले ३२ मा ३१ सिट इण्डियाको सहयोगमा जितेझैं नेपालमा कैयौं दलले जितेको छन्। धनले जितेकै कारण ती ठूलो सुरक्षा घेरा नभैकन बाहिर निस्कन सक्दैनन्, आफ्नो निर्वाचन क्षेत्रमा जान पनि सक्तैनन्। जनमतकै भरमा जितेका सांसदलाई कस्तै कठिन परिस्थितिमा पनि आफ्नो निर्वाचन क्षेत्रमा जान प्रहरीको घेराको आवश्यकता पर्दैन। प्रम हुने क्षमता राख्ने व्यक्तिले भारत विरोधीको पराजय भनेर भन्दैन। भारतसित ओत लाएर बस्नै पर्ने बाध्यता महसुस गरेर भारतीय टीभीलाई अन्तर्वार्ता दिँदैन। आदि इत्यादि कुराले धेरै दोर्जे नेपालमा भित्रिइसकेका छन्।

अव नेपाली चनाखो नहुने हो भने देशको भाग्यरेखा बिग्रिन सक्छ। प्रत्येक देशले आफ्नो भाग्यरेखा आफैं बनाउनु पर्दछ। समयमै बनाउनुपर्छ, नत्र सिक्किमीले झैं पछि पछुताउनु पर्छ। मानिस मरिसकेपछि आइपुगेको चिकित्सकको कुनै महत्व हुँदैन। सार्वभौम सत्ता जनतामै हुनुपर्छ,, जनता भनेको जनतै हुनु पर्दछ भन्ने कुरा नेपालीले जान्नु पर्दछ। किनकि सांसद विकाउ पनि छन्। दलले सम्विधानलाई बलत्कार गर्ने गरेकाले राष्ट्रिय स्वाभिमानको अपमान भएको छ। अब दलीय व्यवस्थामाति प्रश्न उठाउनु परेको छ।

राजसंस्था हुँदा भारतको चर्का दवावमा पनि विसं २०५४मा नागरिकता ऐन २०२० को छैठौं संशोधन पारित भएको थिएन। दलले बनाएको आजको ऐनले १ या २ चुनावपछि संसदमा इण्डियनहरूको बहुमत हुनेछ। त्यसले पहिले नेपाललाई फिजीको अवस्थामा राख्ने छ र त्यसपछि फोकलैण्डको जस्तो जनमत संग्रहबाट सिक्किमीकरणमा परिणत गर्न सक्नेछ। मौरिसस, फिजी, भूटान जस्तो पछि सिक्किम जस्तो हुने छ। ठुला देशले आफ्नो स्वार्थ नभइकन बोल्दैनन् भन्ने कुरा कुवेत र सिक्किमको घटनाले साबित गरेको छ।

नेपालको सबै जनसंख्या इण्डियामा जाँदा त्यहाँ २ प्रतिशत पनि थपिंदैन तर इण्डियाको १ प्रतिशत नेपाल पसे भने याहाँको जनसंख्या दोब्बर हुन्छ, उनीहरूको बहुमत हुन्छ। इण्डियाको भनाईमा भारतमा काम गरेर बसेका नेपालीको संख्या ५० लाख छ। नेपालमा बसेका भारती १०० लाख छ। २ करोड जनसंख्या भएको २३ गुना सानो नेपालमा १३५ करोड जनसंख्या भएको अनुपातलाई हेर्दा भारतको नेपाल खाने नियत बुझिन्छ। आ-आफ्ना नागरिक फिर्ता भए पनि नेपाललाई फाईदा हुन्छ।


नागरिकता ऐनले सबैभन्दा धेरै नकारात्मक प्रभाव आर्थिक जगतमा परेको छ। पञ्चायत कालमा दशवटा धानचामल कम्पनीबाट धान निर्यात गर्दथ्यो तर यो नागरिकता विधेयक पास भएपछि नेपालले निर्यात बन्द गरेर प्रतिवर्ष ६६ अर्वको चामलमात्र आयात गरेको छ। त्यहि अनुपातमा सबै खाले खाद्यवस्तु आयात गरेकोछ। आज जव नेपालको कुल जनसंख्याको एक तिहाई जनता विदेशीएको छ, त्यसवेला हार्ड करेन्सी खर्चेर यति धेरै खाद्यवस्तु आयात गर्नंपर्ने अवस्था हुनुले कति भारतीय नागरिक नेपाली भएर नेपालमा बसेका छन् भन्ने कुरा पुष्टि हुन्छ, जो कोहिले हिसाव गर्न सक्छ। नेपाललाई माया गर्ने सबैले नेपालको भारतसंगको व्यापार घाटा जान्नु पर्दछ। नेकाँ, एमाले र माओबादीले साथ दिए पछि भारतले जितेकोजित्यै छ, नेपालले हारेको हार्‍यै छ। नेपालको उद्योग र व्यापार भारतले किनर लगि सकेकोछ। आत्मनिर्भर नेपाल अव भारतनिर्भर भइ सकेको छ। नेपालीको टाउकोमा प्रतिव्यक्ति ऋणभार पञ्चायतकालको रू. ६ हजारबाट बढेर आज ६६ हजार पुगेको छ। नेपालको निर्यात घटेको छ।

अहिले लाखौलाख भारतीय कामदार नेपालभरि भित्र्याएका छन्। भारतीय कामदारलाई सरकारले अभिलेख रहित रूपमा भारू सटही समेत गरिदिन्छ। भारतीयले कर तिर्नुनपर्ने भएपछि नेपालीले भन्दा सस्तोमा काम गर्छन्। नेपाली कामदारलाई विस्थापन गर्दछन्। सारांशमा नेपालका दलका यसखाले प्रबृत्तिले भारतीय कामदारलाई नेपालमा काम गर्न प्रोत्सहन गरेका छन्, नेपालीलाई दुरूत्साह गरेका छन्। त्यही कारण नेपाली कामदार रोजगार खोज्न बिदेश पलायनभएका हुन्।

नेपालमा सीमा अतिक्रमण गरेर बस्नेहरू; विवाह र नागरिकताको फर्जरी कागज गराएर घुस्नेहरू; सर्वहारा मगन्तेका रूपमा बस्नेहरू; विभिन्न पेशा गरेर बस्नेहरू; मौसमी कामदारहरूको रूपमा ओइरिनेहरू सबैले नेपाललाई गरिव बनाउने काम गरेका छन्। यिनले नै सीमास्तम्भ भत्काउने, अतिक्रमण गर्ने काम गरेका छन्।

काठमाडौंका सार्वजनिक स्थलमा अतिक्रमण गरी बसेका परिचयविहीन भारतीय जमात (साभार: कान्तिपुर) आप्रवासीहरूको अतिक्रमणले देशका नगरक्षेत्र र तराँईमा झुप्राहरू बढेका छन्। विराटनगर उपनगरपालिका क्षेत्रभित्र मात्र ५ हजार भारतीय आप्रबासीहरूले अनधीकृत रूपमा बसोबास गर्दै आएका छन्। यिनले नेपालीका सीपका र अन्य सबै राजगारहरू खोसेका छन्। डकर्मी, नकर्मी, हजामी, पान र फलफूल, तर्कारी, मोटर ग्यारेजदेखि जुत्तापालिसगर्नेसम्मका सीपमुलक रोजगार भारतीयका हातमा गएका छन्।

# नेताको खुवा बिर्ता बन्यो देश



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

राणाकालमा खुवा बिर्ता बाँड्ने प्रचलन थियो। लोकतन्त्र पनि बिर्ताभन्दा भिन्न रहेन। ठूला पार्टी र नेताहरू राणाभन्दा कम छैनन्। उनीहरू राजनीतिलाई माफियाकरण गरेर ७ सय ६१ सरकारमा बिर्ता बितरण गरिरहेका छन्। नेता र तिनका पिछलग्गुहरू खुवाबिर्ता हसुरिरहेका छन्।

पल्लोघरको कान्छो फलैंचाबाट जुरूक्क उठेर कराउन थाल्यो। हैन घिच्न पनि कति सकेका हुन्। देश कंगाल बनाएर आफू मात्र मोटाउनु पर्ने। कान्छो यसरी बुर्लक्क उफ्रनुको कारण फलैंचामाथि बाको पालामा किनेर नियमित बज्दै आईरहेको रेडियोले दिएको समाचार नै थियो।

गाउँतिर खुलेको एफ. एम रेडियोदेखि सरकारको मुख पत्र रेडियोले समेत एउटा समाचार जस्ताको त्यस्तै सुनाईरहेको थियो। मन्त्रीपरिषद्मा ठूला हाकिमहरूको तलव बढाउने त्यो पनि मर्यादाक्रम अनुसार रे! आजकल समाचार सुनाउने देखि देखाउनेसम्मले सत्य तथ्य समाचार भन्दा पनि एउटा कुनै एजेण्टले जे दियो त्यही नै आधिकारिक भन्ने जस्तै भएको छ। त्यही भएर कान्छोले रेडियोका ब्याण्ड जता बटारेपनि हुबहु समाचार बाहेक अरू सुन्नै नपाएपछि जंगिनु स्वभाविक पनि हो।

सरकारका बस्ने नेता र सरकारले चलाउने स्थायी कर्मचारी संयन्त्रको मात्र देश जस्तो भयो। ठूला घरे कान्छो रिसाएर आँगनमा फनफन्ती घुमेको देखेर माझघरे राजन मात्र हो र डाँडाघरे रामे पनि उतैबाट चिच्याउन थाले। 'हैन हो ठूला घरे कान्छा, के भो आज त निकै नै भनभनिएको छस् के भो ?' विचरा रामे र राजनले त्यस्ता समाचार सुन्ने गाउँको देशको बारे थाहा पाउने गरेको भए पो ? विहान जुरूक्क उठ्यो पारी पिप्ला बोटा हर्केको चिया पसलमा गयो। धुँवा उडायो अनि देश हाँक्ने गफ चुट्ने बाहेक के नै पो जान्या थे र! ठूलो घरे कान्छाको बाउकै पालामा रेडियो झ्यालमा राखे धन्काउन्या खलक। त्यसका बाउले दोभानेको डाँडाको धान बेचेर किनेको रेडियो भन्ने गाउँभरिकालाई थाहा छ।

रेडियो सुन्ने थालेकाले कान्छोले देशको बारेमा जान्न खोज्ने र चिन्ता गर्न थालेको। उ गाउँका ठेउके नेताको कुरा सुन्ने भन्दा पनि राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाका बारेमा चौतारोमा अरूलाई सुनाउथ्यो। राता घरे माइला बाले त उसलाई ठूला घरे कान्छोको सट्टा रेडियो कान्छो नै भनेर बोलाउँथे। राणाकालमा सिमितले मोज गरे। पञ्चायतकालमा हनुमानहरूले भोज गरे। प्रजातन्त्र, लोकतन्त्र भन्दै गणतन्त्र आउँदाको ३५ वर्षमा पाँच जनाले देशमाथि प्रितिभोज नै गरिरहेका छन्। मानौ देश तिनका बाउको बिर्ता हो ? कान्छोले र डाँडाघरतिर हेर्दै प्रश्न गर्‍यो।

डाँडाघरेले उत्तर आयो, 'नभएर पनि हो के गर्नी त ?' तिमी हामीले नै पठाको हो। उनैले जर्वजस्ती गरेका हैनन क्यार ? अरूलाई के दोष दिन्छौ आफ्नै पुर्पुरोमा हात राख ? कुरा पनि ठिकै हो। खायो लुट्यो भन्दा पनि भोट किन हाल्यो त्यही मान्छेलाई पटक पटक भन्ने सोच्नु नि। हो मा हो मिलाउँथे थिए माझघरे राजन पनि।

'हुन्देउ हो कान्छा हुन्देउ', रामे डाँडाबाटै कराउन थाल्यो। अव रन्थनिएर केही हुँदैन। भाग्यमा लेखेपछि पायो त। हजुरबाको पालादेखि नातीको पालासम्म एउटैले हाक्यो त के भो ? दिने हामी नै हौं। मिलाई मिलाई खाउँ भनेर पठाएपछि ...।

चुनावमा तात्ने हो। जितेर गएपछि त सामन्त भईगो नि! अव किन टेर्छ र ? काले काले मिलेर खाउँ भाले त्यसै भनेको हो र ? कर्मचारी राजनीतिज्ञ मिल्ने हो मिलाएरै खाने हो। कर्मचारीले खाने घुस नेताले खाने त्यही घुसको कमिशन ! उताबाट राजन भट्याउन थाल्यो। पेन्सन खानेले किन लिने हो टेन्सन ? हरेक कागज पत्रमा गरे भैगो नि 'मेन्सन'। सरकारी कर्मचारी, न भोक न भकारी। हरेक महिना तलव, भत्ता यो सुविधा त्यो सुविधा त्यसपछि हरेक फाइलबाट निस्कने जुस खाने घुस त्यसपछि के चाहियो ? त्यसै बन्छ राजधानीमा धेरैको घर।

'सतो ड्रेस सेतै छ गाडी, आउने जाने सवैलाई तयारी।

गीत बजिरहेछ। लुट्ने लुटिरहेछन्। सवारी साधन, इन्धन अरू सेवा सुविधा पनि हो। त्यत्ति गरेपो नेता पनि पालिन्छ। बेकारमा किन फालिन्छ ? उसकाबाले पनि यसै गरेका हुन् त्यसले पनि त्यसै गर्छन। कान्छोले खै किन चित्त बुझिरहेकै छैन। राष्ट्रियताको कुरा यसकाँ कहाँबाट आउला र ? बाको पालादेखि नातीको पालासम्म राजनीति। हजुरबाले पनि उनैको शासन झेले बाले पनि झेले नाती पनि उसैको शासन झेलिरहेको छ। ३५ वर्षदेखि बाउको विर्ता जस्तै गरेका छन्। अरू त मान्छे नै छैनन। अरूसँग त भिजन नै छैन। लाटोकसेरो देखि दुम्सी काँडासम्मले पालै पालो रेटिरेटी गाका छन्। अरूलाई त त्यहाँ पुग्नै नदिने हो नि।

उपल्ला बस्नेहरूलाई मात्र महगी लाग्ने हो ? कि साना तिनालाई चाहिँ अनुदान दिएको छ र ? प्रशासन संयन्त्र पनि बाउको विर्ता होइन। राजनीति गरेको पनि बाउको विर्ता होइन। बाउको विर्ता जस्तै गरी पुस्तौ जर्वजस्ती खाईरहने हो र ?

बाउको विर्ता जस्तै गरी सम्हाल्दा परिवर्तन चाहिँ के भयो ? तीन तहकाले कमिशन खाने देश रित्याउने। अनि फेरि बाउको विर्ता जस्तै गरी आफ्नै स्वास्नी छोराछोरीलाई सुम्पने ? पुरानो व्यवस्था भन्दा के फरक भयो र ? होइन भने ठूला घरे कान्छाले भने जस्तै भैगो नि त ? यो देश कसैको बाउको विर्ता होइन। बाँढी बाँढी खानका लागि। जिम्मेवारी लिने अनि छाड्न सक्नु पर्दछ जनताले बस भन्दा बस्ने र जनताले छाड भन्दा छाड्नु भन्ने हैसियत राख्नु पर्दछ। न कि आर्यघाटसम्म पुगिञ्जेलसम्म सत्ताको स्वाद चाखिरहने अनि मृत्युको मुखमा पुगिसक्दा पनि आफ्नै सन्ततीलाई राखिरहने ? देश बाउको विर्ता सरह नै भयो, जनता चेत्ने कहिले ?

# पूर्वराजाले देश जोगाउन सक्रृय हुनुपर्ने भयो





राष्ट्रिय समाज सुधार संस्थाले पूर्वमुमा बडामहारानी रत्नराज्य लक्ष्मी शाहको ९८औं शुभजन्मोत्सव मनाएर शुभकामना दिएको छ। कार्यक्रममा "म मरे पनि मेरो देश बाँचिरहोस्" - युग प्रवर्तक श्री ५ महेन्द्रको सम्झना पनि गरेको छ। देशभरिका जनता एकढिक्का भइसकेकाले यो अवस्था फेर्न नसक्ने व्यवस्था फेर्ने उद्घोष गरिएको छ।

राष्ट्रिय समाज सुधार संस्था -शंकर मघैया, नेपालका लागि नेपाली -दीपक आत्रेय, राष्ट्रवादी राजनीतिक जनजागरण अभियान - कपिल मान सिं खड्गी, सनातन धर्म सेवा समिति - राष्ट्रिय एकता पार्टी (प्र) शरदचन्द्र दाहाल, शाही युवाशक्ति नेपाल - पशुपति खड्का, मितेरी पार्टी नेपाल (धनेन्द्र बहादुर बस्नेत), स्वतन्त्र नागरिक समाज - राम कुमार रिजाल, यनी टाइम फोर्स- सन्तोष राजावादी, देशभक्त समाज पार्टी - शिव देवकोटा, मिसन नेपाल- कृष्ण प्रसाद शर्मा, विश्वमूल गुरू वृहस्पति सत्संघ समाज (ऐक्यबद्धता), किशोरी महतो, -प्रा.डा. उत्तम कृष्ण कर्माचार्य, प्रा.डा. यादव प्रसाद ढुंगाना, उमा श्रेष्ठ (हिमा), वि.पी. कांग्रेस - सुशील मान शेरचन, तारानाथ लुइटेल, कृष्ण प्रसाद प्रसाईले देश बचाउन आह्वान गरेका छन्।

२०४७ को संविधान, हामी सबैको अभियान २०८० का सम्पूर्ण आबद्ध संघ, संस्थाहरूको तर्फबाट नेपाल राष्ट्रको धर्म, संस्कृति जनता र देश जोगाउन राजसंस्थाको अभिभावकीय भूमिकाको लागि धर्नारत प्रमुख राष्ट्रवादी माया पाण्डे र विश्वमूल गुरू वृहस्पति सत्संग समाजका श्रीराम सुवेदीको व्यवस्थापनमा उक्त कार्यक्रम भएको थियो। गुरूमाँ इरा वज्राचार्यले पनि शुभकामना व्यक्त गर्नुभएको थियो। अभिनन्दन पत्र बुझाउनेहरूमा लाल वहादुर तामाङ, ज्योति बानिया, छत्र बहादुर जोशी, प्रकाश श्रेष्ठ, ज्येष्ठ नागरिक विष्णु भक्त तण्डुकार, शंकर मघैया रहेका थिए।

गाईजात्रालाई बिकृत बनाएकोमा पनि राष्ट्रवादीहरूले चिन्ता व्यक्त गरेका छन्। अभियानका प्रमुख कपिलमान खड्गीको सभापतित्वमा र महासचिव, एमालेका सक्रिय कार्यकर्ता लोकनाथ भारतीसहितको कार्यक्रममा पत्रकार प्रेम कैदीले २०७२ मंसिर २९ गते देखि नेपाली जनतालाई राजनीतिक प्रशिक्षण देशै भरी दिने राष्ट्रवादी राजनीतिक जनजागरण अभियानको उदेश्य छिट्टै प्राप्त गर्न सफलता मिलोस भनि शुभकामना दिएका थिए। शंकर मघैया, गुरू त्रिरत्न आचार्य, विष्णु सिंह डंगोल, कृष्ण 'व्रम्हाण्ड' राजन कार्की, माया पाण्डे, ज्येष्ठ नागरिक विष्णु भक्त तण्डुकार आदिले आ-आफ्ना अभिव्यक्ति दिनु भएको थियो।

यसै गरी प्रशिक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिँदै राष्ट्रवादीहरूको साझा संगठन (एन.ए.एन) का संस्थापक अध्यक्ष प्रा.डा. उत्तम कृष्ण कर्माचार्यले राष्ट्रवादीहरूले पढ्नै पर्ने "माइ ग्रेटर नेपाल" का दश जना लेखकहरूलाई प्रशिक्षण कार्यक्रममा प्रशिक्षकहरूमा निम्ता दिन सल्लाह दिंदै प्रत्येक आइतबारको दिन आफुले राष्ट्रवादीहरूलाई छुट्याएको दिनमा प्रशिक्षण दिन आउने कुरामा विश्वस्त रहन आग्रह गरेका थिए भने लेखक इन्द्र व. फुँयालले राजा ज्ञानेन्द्रले सिंहले आफ्नो शिकारलाई झम्टेझैं देश जोगाउन नेपालको राजनीतिमा हस्तक्षेप गर्नु पर्ने टद्कारो खाँचो रहेको चर्चा गरेका थिए।






राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८०-८१
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८१ भदौ ११, Aug. 27, 2024






# आइसकेको संकटमा बेखबर छौं

परराष्ट्रमन्त्री डा.आरजु राणालाई भारतले दिएको सम्मानले प्रम ओलीलाई झस्काएको र निकट भविष्यमा कांग्रेस एमालेको गठबन्धनमा दरार ल्याउने आँकलन प्रचण्डले पार्टी बैठकमा गर्न भ्याएका छन् । ०७३ सालमा तत्कालीन परराष्ट्रमन्त्री कमल थापाले बाहेक अरूले भारतका प्रम मोदीसँग भेट्न पाएका थिएनन् । त्यतिबेला भर्खरै संविधान जारी भएको र भारत असन्तुष्ट रहेका बेलामा कमल थापाले प्रधानमन्त्रीलाई भेट्नु अर्थपूर्ण मानिएको थियो । त्यतिबेला नेपालको राजनीतिक परिस्थिति भारतीय अनुकूल थिएन, अहिले भूराजनीति, खासगरी दक्षिण एसियाको, भारत अनुकूल देखिदैन । बंगलादेशमा भारत अनुकूलको सरकार जसरी ढल्यो, त्यो भारतका लागि ठूलो झट्का हो । यतिबेला दक्षिण एसियामा युरोअमेरिकी प्रभाव बढ्दैजानु, तिनकै प्रभावमा भारतको कम्फर्टेबल भनिएको प्रचण्ड सरकार ढल्नु, ठूला दुई दलको नयाँ गठबन्धन सरकार बन्नुले भारतको पकट फुस्किदै गएको देखिन्छ । त्यसो त भारतभर आन्दोलनको ज्वारभाटा चर्कदै गएका कारण मोदीकै गठबन्धन सरकार ढल्ने खतरा पनि देखिन्छ । भारतमा युरो अमेरिकी प्रभाव बढ्न जाँदा भाजपाले बहुमत गुमाएको र आफैले मार्न ओझेलमा पारेको सार्कलाई पुन: सकृय पार्नुपर्ने निर्णयमा पुगेको बताइन्छ । आफ्ना छिमेकीहरूसँग मतभिन्नता बढ्दा क्षेत्रीय हैकम गुम्न जाने भयका कारण पनि भारत सार्कप्रति लचिलो हुनपुगेको हो । हुन त एक व्यापारीको घरमा ओली र प्रचण्ड बसेर ७ बुँदे सहमति गरेर प्रचण्ड सरकार ढाल्दा भारतीय राजदूत नविन श्रीवास्तवले प्रचण्ड सरकार टिकाउने प्रयास गरेका थिए । दक्षिण एसियामा पश्चिमा शक्तिले देखिनेगरी जरा गाडेको र भारतलाई प्रभावहीन पार्दै विश्वशक्तिको दौडमा रहेको चीनलाई घेर्न थालेकोले आपसी विवाद थाँती राखेर चीन र भारत एक ठाउँमा आउनुपर्ने विश्लेषण पनि हुनथालेको छ । तर भारतको आणविक कमजोरीका कारण अमेरिकालाई चिढाउन चाहदैन भनिदैछ । तर नेपालका आगामी दिनहरू सहज देखिदैनन् । हिजो भारत र चीन हावी थिए, अब पश्चिमा हावी भएको छ । घटना त्यहीअनुरूप घट्नेछ । आन्दोलन जातीय, भाषिक, रङ्, धर्म अनेक मुद्दामा सुरू हुनेछन् । हत्या, हिंसा, उग्रवादका आगो देखिन थाल्नेछन् । चीनको खेमाबाट पश्चिमा खेमामा फाल हालेर प्रचण्डलाई सवक सिकाउन पुगेका केपी ओली बाध्यात्मक परिस्थितिको सामना गर्नैपर्ने अवस्थामा पुगेका छन् ।

नेपालको राजनीतिक परिस्थिति खलबलिएको छ । नयाँ नयाँ खेलाडी आएका छन् । कुन कुनबेला नेपालमाथि हावी हुनेछ, भन्न सकिदैन । नेपाल विश्वशक्तिको उपस्थितिमा देखेपछि भारत र मोदीले नेपाललाई महत्व नदिने कुरै भएन । हिजोसम्म पदमा जानासाथ दिल्ली दर्शन गर्न जानेहरू थिए, अब दिल्लीले निम्तो दिने परिस्थिति देखिएको छ । प्रधानमन्त्री थाइलेण्ड, त्यसपछि राष्ट्रसंघको बैठकमा सहभागीहुन अमेरिका जाने तैयारीमा जुटिसकेका छन् । अमेरिका पुगेपछि साइडलाइनमा सार्कका परराष्ट्रमन्त्रीहरू बैठक हुने सम्भावना बढेको छ । नेपाल विश्वशक्तिको पुरै खेल मैदान बनिसकेको छ । नेपाल भूराजनीतिको गोलचक्करमा परिसकेको छ ।

त्यत्रो शितयुद्धको समयमा सुरक्षित रहेको नेपाल यतिबेला विदेशीको चासोको विषय बनेको छ । नेपालको विश्वविश्वासको संचिति सकिएको छ । भ्रष्ट र असक्षम नेताहरू सत्ताको जागीरका लागि मरिहत्ते गरिरहेका छन् । देशमा अनेकन समस्या बल्झिन थालेको छ । आफ्नो कमी कमजोरी र भ्रष्ट चरित्र तथा कुकृत्य माफ गराउन नेताहरूले विदेशी दासत्व स्वीकार गरेका छन् । हिजो राजाहरूले सुरक्षिँत राखेको मुलुक विदेशीको रणनीतिक मैदान बन्न पुगेको छ । अब भोग्नुपर्ने भयो राजाविरोधी नारा लगाउनेहरूले सकस । हो, महगो मूल्य देश र आमनागरिकले पनि चुकाउनै पर्नेछ । भन्नेहरू भन्छन्- नेपाली कहिल्यै चेत्दैनन् । चेत छ, विवेक छैन । थाहा सबै छ, चेतना छैन । डा.आरजु अर्थात परराष्ट्रमन्त्रीलाई रेड कार्पेट बिछ्याएकोमा गर्व गरेर के गर्नु ? यो त नितान्त भविष्यमा आउने संकटको आहट हो ?


## सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

➢ सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,

➢ सामाजिक सञ्जालमा आउने झुठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,

➢ विश्वसनीय स्रोतबाट प्राप्त जानकारीलाई मात्र विश्वास गरौं,

➢ सामाचजक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,

➢ सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रूपमा प्रयोग गरौं,

➢ सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ,सतर्क रहौं ।



नेपाल सरकार
विज्ञापन बोर्ड


# तीजको यतिबिघ्न बेइजति नगरौं



देवी काफ्ले

*आज र मैले घाँसै र काटे,*
*अरे लालुमै नौ मुठा घटाईन ।*
*दाजु र भाइ अटेको घरमा,*
*अरे लालुमै मै छोरी अटाईन ।*

परम्परा हो, तीजमा चेलीले माइती प्रितका गुनासा यसरी पोख्थे ।

कलिलो उमेरमा बिवाह, कर्रो घर, कर्री सासु, लोग्नेको साथ नपाउनु, नन्दआमाजुका कोखा छेड्ने वचन वाण, ससुराको बुहार्तन सबै बेहोर्न पित्त जति चित्त भएको भए कसरी बेहोर्न सक्थे र ? बर्षदिनसम्मको बुहार्तन सहेर पोख्ने ठाऊँ थियो माइतीको चौतारी । वेदनाका भारी बिसाउन गाऊँभरीका दिदीबहिनी जम्मा भएर आमाका काखमा आ-आफूले भोगेका दुखसुख गितको माध्यमबाट पोख्ने गर्थे । सुखको बयान हुन्थ्यो, मायाका कुरा हुन्थे अनि आफूले सहेको बुहार्तनको चर्चा हुन्थ्यो । सबै गितको माध्यामबाट । बाबाआमाले नपढाएर घरको काममा लगाएका, भाइदाइलाई पढ्न स्कूल पठाएका व्यवहारको खुलेरै गित मार्फत भन्थे । बिहे गरेर दिएको घर ठाउँका अवगुणहरूको बयान गरिदिन्थे ।

*कट्टी झर्ने कपालु छैन चिसो पानीले*
*कस्तो घर हेर्नु भयो आमा रानीले ।।*
*शरिरमा खुन छैन लेकखरी जुकाले*
*कस्तो ठाऊंमा दिनभयो बाबा रूखाले*

फाँटमा हुर्के बढेकी छोरीलाई लेकमा बिहे गरि पठाउँदा यस्ता गुनासा पोख्थे । बाबाआमाले गरेको गल्ति तिज गितमै सुनाउँथे । समय परिवर्तनसँगै महिला अधिकारका कुरामा गित गाउन थाले । केही शिक्षित भैसकेपछी अधिकारका कुराहरू सृजना गर्न थाले । देशबिदेशमा घटेका घटनाहरूलाई गित मार्फत सुनाउन खप्पिस थिए । सचेतनाका कुरा आए । तर कहींकतै बिकृत कुराहरूलाई समेटेका थिएनन् ।

समय व्यवस्था परिस्थितीमा ब्यापक परिवर्तन आयो । छोरीहरूको अवस्था हिजोको जस्तो रहेन । आमादिदीहरूको पालामा पढ्न नपाएकाले अर्थोपार्जनमा महिलाहरूको सहभागिता रहेन । घरको कामलाई कामको रूपमा गणना नै गरिंदैनथ्यो । आज छोरीहरू शिक्षित छन् । राजनैतिक, सामाजिक, प्रशासनिक तथा अन्य निर्णायक तहमा कार्यरत हुन पुगेका छन् । त्यसैले होला आज तिजको परिभाषा नै फेरिएको छ । छोरीहरू आत्मनिर्भर भएका छन् । बिभिन्न पेशा ब्यवसाय गर्छन् । समयको माग अनुसार अगाडी बढीरहेका छन् । त्यसैले आज दुख, पिडा, बुहार्तनका गितहरू आऊँदैनन् । हिजो आफ्ना कथाब्यथालाई गितमा सर्लक्क ढालेर सृजना गर्थे दिदीबहिनीहरू तर आज सरजकहरू पुरूष दाजुभाईहरू हुनुहुन्छ बिशेष गरेर ।

ब्यस्तता, समयको माग,परिवर्तित अवस्था भन्दैमा आफ्नो मौलिक संस्कृतिको धज्जी उडाइएको छ अचेल ।हामी नेपाली धेरै सौखिन बनेका छौं । हुंदै नभएका आफ्नो रिवाज भन्दै बिदेशी संस्कृतीलाई बडो ईज्जतका साथ अवलम्बन गरेका छौं । साउनका हरिया पहिरनदेखि बिवाह,वर्तबन्धमा गरिने हल्दीमेहन्दी, जनैपूर्णिमाको राखी, (केही मात्रामा हाम्रो तराईबासीको चलन पनि छ मैले त्यो चलन बहिष्कार गर्न खोजेको होइन) जस्ता आयातित चलनलाई हाम्रो संस्कृती बनाउंदै गर्दा आफ्नै मौलिक चाडलाई किन अपहेलना ??

डिजीटल जमाना हो मजाले गित रेकर्ड गरेर दुनियान्सामु पुर्याउनु अति उत्तम कार्य हो । यसले गर्दा बिदेशमा समेत गित बजाएर रमाउन पाएका छन् ।यसलाई सकारात्मक लिनै पर्छ । समय परिवर्तनसंगै आजको तीज तीज रहेको छैन । हामी परिवारसँग बसेर गित सुन्न हेर्न सक्दैनौं । अझ गितमा अभिनय यस्तो हुन्छ कि मानौ वेश्यालयको एउटा कोठीमा सुटिंङ् गरेको जस्तो लाग्छ ।

गित सर्जक उस्तै छाडा, भ्युज पाउनलाई स्थापित गायिका छाडा,अभिनय गर्ने कलाकार निर्लज्ज बनेर तयार गरिएको गित र भिजुयलले हाम्रो कस्तो संस्कृति बंशजहरूमा हस्तान्तरण हुँदैछ ? हामीले सोच्ने बिषय हैनन् र ?

*बाबाले सारेको सुन्तलाको बिरूवा*
*आमाले हुर्काउनु भो पानी हालेर*
*सानैमा मलाई मुन्द्री लाउने रहर*
*आमाले किन्दिनुभो बाखा पालेर*
*आमाले पकाएको मिठो दर खानी हो*
*तीजैमा माइती घर जानी हो ।*

यसरी माइतीको आँगनलाई स्वर्ग ठानेर गित गाउँदा तीज तीजमय हुन्छ ।

तर अहिलेका गित सर्जकहरूले सृजना गरेका गित-

*-बिस्तराले पोल्यो,*
*-बिहेको राती के हुन्छ साथी,*
*-चोखो पोको बिहे अघि दिन्न,*
*-तिन महिने सुई लाउंछे -जस्ता गितलाई हामीले तीजका गित मान्दिनुपर्ने ? छी !! छि: छि: ।*

रत्यौलीमा समेत यति छाडा गित गाउंन सकिंदैन । तर हामी यस्तै गितमा रमाइदिन्छौं । यतिसारो बिकृतिलाई संस्कृती भनेर पुस्तान्तरण कसरी गर्ने ?

अब तीजको दर खाने कुरा गरौं । लगभग जनैपूर्णिमा देखि चेलीबेटी लिनजाने ल्याउने हुन्थ्यो । श्रीकृष्ण जन्माष्टमीलाई त सानो तीज पनि मानिन्छ । पहिले छोरीहरू सरकारी कामकाजमा वा अन्य अर्थोपार्जनका क्षेत्रमा कम सहभागी भएकाले होला घरगृहस्थबाट केही क्षण बिश्राम तीजकै मौकामा पाउँथे । बाहिर होटल, ब्यांग्क्वेटहरूमा दर खांदैनथे ।घरमै आमाले पकाएको दरमा खाजा, खीर, कांक्राको अचार, करेलाभिन्डीको अचार, घिरौंला, चिचिन्डाको तरकारी अलौकिक स्वाद मानेर खाने गरिन्थ्यो ।दर खाने दिनमा मासुको परिकार खाने चलन थिएन तर आज तीजको दर खान पार्टीप्यालेस, होटल जानुपर्छ । तीजका गीत हुन्छन्- मुन्नी बदनाम हुइ डार्लिंग तेरे लिए, कमरिया करे लपालप ललिपप लगेलु । यस्तै गितमा वियर, वाइनको चुस्की लिंदै उत्ताउलो नाच नाचेर तीजको मौलिकता कसरी बंच्ला ? एक महिना अघिदेखी दर खान हिंड्दा त्यो दरको महत्व कति रहला ? यस्तो नगरौं भन्दा केही अभियन्ता तथा महिला नेतृहरू कुर्लिनुहुन्छ ।अब कसरी रूपान्तरण हुन्छ ? हाम्रो मौलिकतालाई बचाउने दायित्व हामी महिलाको हैन र ?

तीज हाम्रो मौलिक चाड हो । संस्कृति हो । मौलिक संस्कृति हाम्रा पहिचान हुन्, यीनको ईज्जत राखौं । देशमै भएकाले तीजलाई विलय गराउन लागिपरेका छन् तर देश बाहिर भएका नेपालीले अंगालेका छन् । आज तीज अर्ष्ट्रेलिया, अमेरिका, जापान, दुबईमा मौलिक गित सुनेर दर खाएर मनाउंदै छन् यहां मुन्नी बदनाम हुई भनेर बाखे डान्स गरेर तीजको बेइजत गर्दैछन् । यस्तै हो भने हाम्रो मौलिक संस्कृति खोज्न केही बर्षपछी सात समुन्द्र पारी जानुपर्ने अवस्था नआउला भन्न सकिन्न ।

अझै पनि समय छ, हामी सुध्रिनको लागि । तीजको विशेषता यसरी बदनाम नगरौं, तीजलाई तीजकै रूपमा संस्कृतिमय बनाऔं । बेलैमा सचेत बनौं मौलिक चाड संस्कृतिका धरोहर हुन्, यिनलाई बचाईराखौं । सम्पूर्ण नेपाली दिदीबहिनीहरू(देशबिदेशमा रहनुभएका) लाई तीजको शुभकामना ।





